वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक



वर्ष २ अङ्क ४१ पूर्णाङ्क ९० २०७५ वैशाख ३ गते सोमबार Monday, April 16, 2018 पृष्ठ ८ मूल्य रु. १०।-

'ओली र प्रचण्डहरूले जनताको हित गर्न सक्दैनन्'

● वर्गदृष्टि संवाददाता

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य'किरण'ले एमालेका अध्यक्ष समेत रहेका प्रम केपी ओली र माके अध्यक्ष प्रचण्डहरूले नेपाली जनताको हक, हित र अधिकारको रक्षा गर्न नसक्ने बताउनु भएको छ । क्रान्तिकारी माओवादी काठमाडौंको बिहीबारबाट सुरु भएको १० औं जिल्ला अधिवेशनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै महासचिव किरणले जनताको हक, हित र अधिकारको रक्षाका निम्ति नयाँ जनवादी क्रान्ति अनिवार्य बन्न गएको विचार व्यक्त गर्नुभयो ।

ओली नेतृत्वको सरकार बनेपछि अर्थमन्त्रीले जारी गरेको स्वेतपत्रलाई आधार मान्ने हो भने देशको ढिकुटी पूरै रित्तिएको छ, संघीय प्रदेशहरू सञ्चालनसम्बन्धी कानुन छैन, संरचना र बजेट छैन, देशका प्राकृत्तिक तथा मानवीय स्रोतसाधन विदेशीलाई सुम्पेर आर्थिक विकास र समृद्धिको एकहोरा झुठो नारा फलाकिएको चर्चा गर्दै महासचिव किरणले कोशी, गण्डकी, महाकाली, माथिल्लो कर्णाली, अरुण तेस्रोलगायत विगतका सबै असमान सन्धि सम्झौताहरू खारेज गरेर स्वदेशी लगानीमा बनाउने नीति नल्याएसम्म देशको आर्थिक विकास हुनै नसक्ने दावी गर्नुभयो ।

महासचिव किरणले भन्नुभयो, 'ओली जी देशलाई सिंगापुर, स्वीटजरलैण्ड बनाउने भन्दै हिडेका छन्, वामपन्थी, कम्युनिष्ट भए त बोल्शेविक(लेनिन)हरूको रुस, माओको चीन...*बाँकी ७ पेजमा*

क्रान्तिकारी माओवादी काठमाडौंको जिल्ला सेक्रेटरीमा सरु

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) काठमाडौंको २९-३० चैत्रमा सम्पन्न अधिवेशनले जिल्ला सेक्रेटरीमा सरुलाई चयन गर्दै ५१ जनाको काठमाडौं जिल्ला संगठन समिति निर्माण गरेको छ । जिल्लाका सबै इलाकाबाट प्रतिनिधि पर्यवेक्षक सहभागी सम्मेलनले नयाँ कार्यसमिति चयन गरेको हो । क्रान्तिकारी माओवादीले पार्टीको जारी अभियानमा पार्टी, देजमो, जबस, मोर्चाहरूका भेला, सम्मेलन गर्दै संगठन सदृढीकरण अभियानलाई तीव्रता दिइरहेको छ । यसअघि पार्टी र मोर्चाका सबै इलाकाका भेला सम्मेलनहरू सम्पन्न गर्दै देजमोको काठमाडौं सम्मेलन पनि सम्पन्न गरिसकेको छ । देजमोले केही दिन अघि चितवनको पनि जिल्ला सम्मेलन सम्पन्न गरिसकेको छ ।

बैशाख ४ मा चार वामको वृहत् अन्तर्क्रिया

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी), नेकपा (मसाल), नेकपा (विप्लव) र नेकपा (ऋषि कट्टेल)को संयुक्त आयोजनामा काठमाडौंमा वृहत् अन्तर्क्रिया गरिने भएको छ । यसअघि बैशाख ३ गतेका लागि तय गरिएको उक्त कार्यक्रम चाड पर्व परेकोले ४ गतेका लागि सारिएको छ । बागबजारको हार्दिक होटलमा गरिने उक्त कार्यक्रममा जलस्रोतविद्, सीमाविद्, अर्थविद् र चारवटै पार्टीका नेताहरूको उपस्थितिमा वृहत् अन्तर्क्रिया कार्यक्रम सम्पन्न हुने भएको छ ।

अप्रिल २२ को युवा मार्चपास 'मे डे'मा हुने

काठमाडौं । क्रान्तिकारी युवा लिगको ३ नं. प्रदेशले २२ अप्रिल अथात् बैशाख ९ मा गर्ने भनेको युवा मार्चपास मे डे अर्थात् मजदुर दिवस (बैशाख १८) गते हुने भएको छ । आयोजकहरूले जनाए अनुसार युवा र मजदुरहरूले संयुक्त रूपमा वृहत् र्चाली तथा मार्चपास मे डे मै गर्ने कार्यक्रम तय गरिएको छ । कार्यक्रमलाई भव्य बनाउन युवा र मजदुरका नेताहरू तयारीमा जुटेको सम्बद्ध स्रोतले जनाएको छ ।

क्रान्तिकारी युवाहरूको तालिम सम्पन्न

सिरहा । नेकपा (क्रान्तिकारी माओवादी)को युवा संगठन क्रान्तिकारी युवा लिगको वैचारिक, राजनीतिक तथा शारीरिक प्रशिक्षण सम्पन्न भएको छ । ३ नं. प्रदेशको मकवानपुरपछि २ नं. प्रदेशको सिरहामा युवाहरूको तालिम सम्पन्न भएको हो । 'युवा जागरण तथा प्रशिक्षण' नाम दिइएको उक्त तालिमको क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य'किरण'ले उद्घाटन गर्नुभएको थियो । २३ चैत्रमा उद्घाटन गरिएको उक्त तालिम पाँचदिनसम्म सञ्चालन भएको थियो ।

सिरहा धनगढी नगरपालिकाको खुट्टीखोलामा सम्पन्न उक्त तालिमको उद्घाटन गर्दै महासचिव किरणले नयाँ जनवादी क्रान्तिको तयारीमा अब क्रान्तिकारीहरू घनिभूत रूपमा अगाडि बढ्नुपर्ने बताउनु भयो । उक्त तालिम कार्यक्रममा प्रशिक्षकद्वय सौरव कायस्थ र आकासले मार्सल आर्ट्स, कराँते, लाठी चलाउने खेल तथा शारीरिक व्यायामको तालिम दिनु भएको थियो भने पार्टी पिविएम सीताराम तामाङले राजनीतिक अर्थशास्त्र, केस हस्तबहादुर केसीले मार्क्सवादी दर्शन-द्वन्द्वात्मक भौतिकवाद, मार्क्सवादी ज्ञान-सिद्धान्त र ऐतिहासिक भौतिकवाद समेत) र वैज्ञानिक समाजवादका बारेमा प्रशिक्षण दिनुभएको थियो ।

उक्त कार्यक्रममा...*बाँकी ८ पेजमा*

सीमा निरीक्षण अभियान सम्पन्न "अब लम्बे अभियान सुरु गर्दैछौं"

कञ्चनपुर । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी)ले ७ नं. प्रदेशका भारतसँग सीमा जोडिएका जिल्लाहरूमा सीमा निरीक्षण, सीमाबासीहरूसँग भेटघाट अन्तर्क्रिया, विरोधसभा जस्ता कार्यक्रमहरू गरी कैलाली जिल्लाको खर्कौलाबाट सुरु भएको अभियान दार्चुलाको ब्यास गाउँपालिकामा गएर समापन भएको छ ।

चैत्रको २१ देखि २९ सम्म चलेको अभियानमा कैलालीको खर्कौला र कैलालीकै भजनी नगरपालिकामा २१ गते, धनगढी महानगरपालिकाको फूलबारीमा २२ गते कोणसभा सम्न गरियो भने कञ्चनपुरको पुनर्बास नगरपालिकाको गोविन्द बजारमा २३ गते एक कोणसभाका बीच अभियान टोलीले शहीद गोविन्द गौतमका पिता खेमलाल गौतमलाई सम्मान गऱ्यो । जिल्लाको गड्डा बेलौरी नगरपालिकामा २४ गत्ते कोणसभा गरियो भने २५ गते महेन्द्रनगरको मदनचोक र ब्रम्हदेवमा कोणसभा सम्पन्न...*बाँकी ७ पेजमा*

सिरियामाथि तीनदेशको हमला

काठमाडौं । न्युज एजेन्सीहरूले बताए शुक्रबार अमेरिका, बेलायत र फ्रान्सले सिरियामाथि संयुक्त सैन्य कारबाही गरेका छन् । बशर अल असद सरकारको रासायनिक हतियारको अड्डामा आक्रमण गरिएको अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बताएका छन् ।

ट्रम्पले आक्रमणको घोषणा गरेको केहीबेरमा नै दमास्कस र होम्स शहरमा विस्फोटको ठूलो आवाज आएको छ । आकासमा धुवाँको ठूलो मुस्लो देखिएको थियो ।

सिरियाको आधिकारिक न्यूज एजेन्सी सनाका अनुसार मिसाइल आक्रमणमा तीन सार्वसाधारण घाइते भएका छन् भने शोध संस्थानको शाखामा क्षति पुगेको छ ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले सिरियामाथि भएको आक्रमणलाई गम्भीर रूपमा लिएको...*बाँकी ७ पेजमा*

नेपालको राष्ट्रियता, एमालेको राष्ट्रवाद र ओलीको भारत भ्रमण

१) नेपालको राष्ट्रियता

नेपालको राष्ट्रियता नेपाली जनताको एकीकृत भावनाको प्रतीक हो । यो भावनाले त्यसबेलामात्र पूर्णता प्राप्त गर्दछ जतिवेला नेपालको राष्ट्रिय-एकता बलियो हुन्छ । नेपाल विभिन्न जातिका जनता, विविध भाषा र विविध धर्म-संस्कृतिले युक्त मुलुक हो र यो विविधता नै नेपालको सुन्दरता हो । तर सदिऔंदेखि एक विशेषधिकार प्राप्त जाति, भाषा धर्म र संस्कृतिले अन्य जाति, भाषा र धर्म-संस्कृतिलाई दवाउने कार्य गरिआएको परिणाम आजसम्म पनि नेपाली जनताको वीच समानता र समान अधिकारको उपभोग हुन सकिरहेकोछैन । फलतः राष्ट्रिय एकता कायम हुन सकेको छैन । त्यसबाट साम्राज्यवादी र विशेषतः भारतीय विस्तारवादले फाईदा उठाउँदै आएकोछ । आजसम्म साम्राज्यवादी शक्तिहरूले आर्थिक दवाबबाट र भारतीय विस्तारवादले नेपालको भूगोल मिच्नुका साथै राजनीतिक, आर्थिक र धार्मिक-सांस्कृतिक दवावबाट नेपालको राष्ट्रियता कमजोर पार्ने काम गर्दै आएकाछन् । तर राणादेखि अहिलेसम्मको नेपालका शासनका बागडोर सम्हालेका नेतृत्वहरूले राष्ट्रियता बलियो बनाउनुको सट्टा विदेशी शक्तिका सामु लम्पसार परेर आफ्नो स्वार्थ पूर्ती गर्दै आएको इतिहासछ । वर्तमान प्रधानमन्त्री ओली त्यसको अपवाद कसरी हुन सक्थ्यो र ! ओली एण्ड कम्पनिले बनाएको संविधानले (२०७२) नेपाली नेपाली वीचमा विभेद र असमानता खडा गरेर राष्ट्रियता कम्जोर पार्ने काम गरेकोछ भने साम्राज्यवादी र भारतीय विस्तारवादको अघि लम्पसार परेर राष्ट्रियता कम्जोर पारेकोछ ।

सदिऔंदेखि एक विशेषधिकार प्राप्त जाति, भाषा धर्म र संस्कृतिले अन्य जाति, भाषा र धर्म-संस्कृतिलाई दवाउने कार्य गरिआएको परिणाम आजसम्म पनि नेपाली जनताको वीच समानता र समान अधिकारको उपभोग हुन सकिरहेकोछैन । फलतः राष्ट्रिय एकता कायम हुन सकेको छैन

● सीताराम तामाङ ●

२) एमालेको राष्ट्रवाद

नेपालमा राणाहरू आफूलाई अब्बल दर्जाका राष्ट्रवादी भन्दथे तर अंग्रेजहरूको चाकडी गरेर आफ्नो सत्ता बचाएका थिए भने नेपाली जनतामाथि सामन्त वर्गीय तथा जातीय फाँसीवादी शासन चलाएका थिए ।

कांग्रेस र कम्युनिष्टलाई अतत्व र आफुलाई राष्ट्रवादी हुँ भन्ने महेन्द्रले पनि कालापानी र लिपुलेकका ३६ हजार एकड भूमि भारतलाई बुझाएर पञ्चायत टिकाएका थिए र हुकुमी राज गरेका थिए भने नेपाली जनतामाथि जातीय फासिवादी...*बाँकी ७ पेजमा*

सम्पादकीय

गतिशिलता बढाउँदै क्रान्तिकारी माओवादी

नेकपा (क्रान्तिकारी माओवादी) को युवा संगठन क्रान्तिकारी युवा लिगले युवाहरूको वैचारिक, राजनीतिकसँगसँगै शारीरिक प्रशिक्षण चलाइरहेको छ । ३ नं. प्रदेशको मकवानपुर र २ नं. प्रदेशको सिरहामा क्रान्तिकारी युवा लिगले सैयौं युवाहरूलाई मार्सल आर्टस्, लाठी चलाउने कलालगायतको शारिरीक तालिम दिएको छ । क्रान्तिकारी युवा लिगले चलाएको यो तालिमको अहिले क्रान्तिकारी वृतमा मात्रै होइन, वर्गदुश्मनको क्याम्पमा पनि चर्चाको विषय बनिरहेको छ । नयाँ जनवादी क्रान्तिको तयारी गरिरहेको उद्घोष गरिरहेको क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य' किरण'ले उद्घाटन गरेको यो प्रशिक्षणलाई निकै चासो र जिज्ञासाका साथ हेरिएको छ ।

क्रान्तिकारी युवा लिगले सातवटै प्रदेश र जिल्लामा समेत युवा लक्षित यस्तो प्रशिक्षण चलाउने जनाएको छ । र, त्यसको तयारीमा जुटिरहेको छ । युवाहरूको यो शारीरिक प्रशिक्षणले क्रान्तिकारी वृतमा एउटा उत्साह र उर्जा भर्ने काम गरिरहेको छ र क्रान्तिकारी माओवादीमा क्रान्तिकारीहरूको आशा र विश्वास पनि बढाइरहेको छ ।

क्रान्तिकारी युवा लिगको उपत्यकासहित ३ नं. प्रदेशले मजदुर दिवसको दिन अर्थात् मे १ काठमाडौंमा युवाहरूको वृहत् मार्चपास गर्ने तयारी गरिरहेको छ । र, जिल्ला जिल्लामा पनि युवाहरूले कार्यक्रम गर्ने तयारी गरिरहेको छ । यसरी युवा लक्षित कार्यक्रमहरूलाई क्रान्तिकारी माओवादीले प्राथमिकता दिंदै लगेपछि क्रान्तिकारी माओवादीमा ध्रुवीकरणको लहर पनि चलिरहेको छ । केही समय अघि मात्र सिरहामा माओवादी केन्द्रका पिविएमसहित चार दर्जनबढी नेता कार्यकर्ता क्रान्तिकारी माओवादीमा प्रवेश गरे । सुनसरी, कंचनपुर लगायतका जिल्लामा पनि यस बीचमा युवाहरू क्रान्तिकारी माओवादीमा प्रवेश गरेका छन् । आगामी दिनमा क्रान्तिकारी माओवादीमा प्रवेश गर्ने लहर तीव्र गतिमा बढ्ने देखिएको छ । क्रान्तिकारी माओवादीका नेताहरूले बताए अनुसार ठाउँ ठाउँमै त्यस सम्बन्धमा कुराकानीहरू भइरहेका छन् ।

संगठन विस्तार, सदृढीकरण तथा जनपरिचालन अभियान चलाइरहेको क्रान्तिकारी माओवादीले पार्टी, देजमो, जबस, मोर्चालगायतका भेला, सम्मेलनलाई तीव्रता दिइरहेको छ । यसबीचमा क्रान्तिकारी माओवादी काठमाडौं, देजमो काठमाडौं, देजमो चितवनको सम्मेलन भव्यतापूर्वक सम्पन्न भइसकेको छ । अन्य प्रदेश र जिल्लामा पनि यस्ता सम्मेलनहरूको तयारी तीव्र गतिमा भइरहेको छ ।

संगठन, संगठन, संगठनको नारा लिएर ०७४ माघबाट सांगठानिक अभियानमा जुटेको क्रान्तिकारी माओवादीले पछिल्लो पार्टीको पोलिटव्यूरो बैठकबाट दुई महिना थप गरी जेठसम्म अर्थात् पाँच महिना अभियान चलाउने निर्णय गरेको छ । तीन महिनामा क्रान्तिकारी माओवादी प्रदेश, जिल्ला, एरिया हुँदै गाउँसम्म फैलँदै वडासम्म विस्तारित हुने क्रममा छ । यस बीचमा पार्टी, देजमो, जबस-मोर्चाका गरी सैयौं संगठनहरू निर्माण भएका छन् । निर्माण भएका संगठनहरूलाई सदृढ बनाउँदै क्रान्तिकारी माओवादी योजनाबद्ध रूपमा राष्ट्रियता, जनतन्त्र र जनजीवीकासँग सम्बन्धित संघर्षको तयारीमा जुट्ने जमर्को गरिरहेको छ ।

यसबीचमा क्रान्तिकारी माओवादीले पार्टी एकतालाई लक्षित गर्दै समान विचार र मुद्दा बोक्ने पार्टीहरूबीचको कार्यगत एकतालाई पनि जोड दिंदै आएको छ । क्रान्तिकारी माओवादीकै पहलमा मसाल, नेकपा (विप्लव) र नेकपा (ऋषि कट्टेल)सँग कार्यगत एकता गरेको छ । नेपालमा भएको भारतीय हस्तक्षेप, सीमा अतिक्रमण र राष्ट्रघाती सन्धि सम्झौताको विरुद्धमा चैत्र २४ मा काठमाडौंमा चारवटै पार्टीको संयुक्त आयोजनामा विरोध कार्यक्रम गरिएको छ भने बैशाख ४ गते चारवटै पार्टीको संयुक्त आयोजनामा राष्ट्रियता तथा राष्ट्रघाती सन्धि सम्झौताको विषयमा वृहत् अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिदैछ ।

उल्लेखित गतिविधिले क्रान्तिकारी माओवादीको गतिशिलतालाई सजिलै बुझ्न सकिन्छ र क्रान्तिकारी माओवादी नै अबको जनताको आमूल परिवर्तनकारी भरपर्दो वैकल्पिक राजनीतिक शक्ति हो भन्ने कुरा जनतामा पनि विस्तार अनुभूति सञ्चारित हुँदै गएको छ । नयाँ जनवादी क्रान्तिको ऐतिहासिक कार्यभार पूरा गर्ने संकल्प बोकेको यो पार्टीका अगाडि महान सम्भावना बाकेका चुनौतीहरू पनि छन् । त्यसको सामना गर्ने सामर्थ्य यो पार्टीले विस्तारै हासिल गर्दै गएको छ ।

परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा

विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।

www.moolbato.com

समाजवादको भ्रम छर्दै संसद्वादी पार्टीहरू

● प्रेम सुवेदी ●

अहिले विशेष गरेर संसदीय पार्टीहरू तथा संशोधनवादीहरूले विद्यमान संविधानद्वारा समाजवादमा संक्रमण गर्न सकिने र समाजवादको कार्यन्वयन गर्ने जुन चर्चा गरिरहेका छन त्यो सरासर गलत र भ्रामक विचार मात्र हो । जहाँसम्म समाजवाद निर्माणको प्रश्न छ त्यो सँग जोडिएको मुख्य विषय स्वतन्त्र पुँजीवादको विकास र साम्राज्यवादी उत्पीडनको अन्त्यले मात्र सम्भव छ

यतिबेला नेपालको राजनैतिक वृतमा समाजवादको विषयमा विभिन्न कोणबाट चर्चा परिचर्चा चलिरहेको छ । विशेष गरेर संविधान घोषणा गर्दा प्रस्थापनामा समाजवाद उन्मुख भन्ने शब्द राखिएको आधारमा अब देश समाजवादमा प्रवेश गर्‍यो भन्ने तर्क संविधान निर्माण गर्ने पक्षधरहरूले गर्दै आएका छन् । जहाँ सम्म समाजवाद निर्माणको कुरा छ, त्यो सँग जोडिएको आधारभुत विषय आर्थिक सामाजिक र राजनैतिक आधार कस्तो छ भन्ने कुराले निर्णयक महत्व राख्दछ । समाजवादको निर्माण मनोगत चाहनामा भन्दा पनि वस्तुगत धरातलमा निर्माण हुने ऐतिहासिक तथ्यप्रति ध्यान जान जरुरी छ ।

अहिले विशेष गरेर संसदीय पार्टीहरू तथा संसोधनवादीहरूले विद्यमान संविधानद्धारा समाजवादमा संक्रमण गर्न सकिने र समाजवादको कार्यन्वयन गर्ने जुन चर्चा गरिरहेका छन त्यो सरासर गलत र भ्रामक विचार मात्र हो । जहाँसम्म समाजवाद निर्माणको प्रश्न छ त्यो सँग जोडिएको मुख्य विषय स्वतन्त्र पुँजींवादको विकास र साम्राज्यवादी उत्पीडनको अन्त्यले मात्र संभव छ । देशको आर्थिक आधार अहिले पनि पुँजीवाद चरणमा नरहेको तथा सिमित मात्रमा भएका उद्योग धन्दाहरू पनि दलाल पुँजीपतिवर्गको हातमा रहेको र कृषिमा नै देशको मुख्य अर्थतन्त्र निर्भर रहिरहेको तथा परम्परागत कृषि प्रर्णालीबाट निर्वाहमुखी उत्पादन सम्बन्ध कायम रहिरहेको पृष्ठभूमिमा समाजवादलाई कार्यनैतिक विषय बनाउने कुरा सारमा समाजवाद विरोधी चिन्तन नै हो । नेपालमा अहिले पनि अर्धसामन्ती तथा अर्धऔपनिवेशिक अवस्था विद्यमान रहेको र विशेषत : नव औपनिवेशिक शोषण प्रवल बनिरहेको छ । उपरोक्त अवस्थामा विद्यमान अर्धसामन्ती तथा अर्धऔपनिवेशिक र नव औपनिवेशिक उत्पीडनको अन्त्य गरेर नै पुँजीवादी जनवादी क्रान्तिका कार्यभार पुरा हुनेछन । र, त्यसले मात्र समाजवादमा संक्रमण गर्ने आधार निर्माण गर्ने छ । देशको अर्थतन्त्रमा जबसम्म दलाल नोकरशाही पुँजीवाद तथा सामन्तवादका विरुद्ध स्वतन्त्र पुँजीवादी आत्मनिर्भर अर्थतन्त्रको निर्माण हुदैन तब सम्म समाजवादको आधार नबन्ने कुरा स्पष्ट छ । तर, यहाँ कतिपय बुद्धिजीवि र दक्षिणपन्थी संसोधनवादीहरूले पुँजीवादी जनवादी क्रान्ति पुरा भैसकेको कुरा गरिरहेका छन, त्यो स्वयं दलाल नोकरशाही पुँजीवादको वचाउ गर्ने चिन्तन हो । अहिले उनीहरूले जनवादी क्रान्तिका कार्यभार पुरा भएको र समाजवादको निर्माण आरम्भ भएको जुन चर्चा गरेका छन् त्यसप्रकारका विचारले इतिहासको भौतिकवादी मान्यतालाई होईन, अराजकतावादी तथा संसोधनवादी विचारको प्रतिनिधित्व गर्दछ । सारमा संशोधनवादी विचारहरू प्रतिक्रियावादी व्यवस्थाका सहयोगी औजार हुन ।

जहाँसम्म देशमा गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता र समावेशी समानुपातिक प्रतिनिधित्व जस्ता विषयलाई आधार बनाएर पुँजीवादी जनवादी क्रान्ति पुरा भएको कुरा गरिरहेका छन त्यो पनि सही दृष्टिकोण होईन । यस सन्दर्भमा चर्चा गर्दै नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)को राष्ट्रिय सम्मेलनद्धारा पारित दस्तावेजमा भनिएको छ "वस्तुतः नेपालमा पुँजीवादी जनवादी क्रान्ति पुरा भएको छैन, किनभने (१) यहाँ दलाल नोकरशाही पुँजीपति एवं सामन्त वर्गको पुरानो राज्यसत्ता तथा राज्य मेसिनरी कायम छ, राणाकालदेखि अहिलेसम्म आउँदा शासन सत्तामा फेरवदल अवश्य भएका छन्, परन्तु राज्यसत्तामा भने दलाल नोकरशाही पुँजीपति तथा सामन्त वर्गको नेतृत्व र अधिनायकत्व यथावत रहीआएको छ । (२) नेपाल जस्तो अर्ध सामन्ती, अर्ध औपनिवेशिक तथा नवऔपनिवेशिक अवस्थामा रहेको मुलुकमा जनवादी तथा राष्ट्रिय क्रान्तिको बेग्ला वेग्लै होईन एउटै चरणमा गरेको हुनुपर्दछ । यहाँ एकातिर जनवादको समस्य समाधान भएको छैन भने अर्कोतिर साम्राज्वादी तथा विस्तरवादी हस्तक्षेप तथा उत्पीडन अन्त्य हुन त परै जाओस्, झन तीव्र बन्दै गएको छ । (३) यहाँ नयाँजनवादी क्रान्तिको मान्यता अनुसार सर्वहारावर्गको नेतृत्व तथा आम जनसमुदायको संयुक्त अधिनायकत्वमा नयाँ राज्य सत्ता स्थापना भएको छैन ।" उपयुर्क्त तथ्यहरूले नै नेपालमा समाजवादको आधार निर्माण नभएको कुरालाई राम्ररी पुष्टि गर्दछ । तसर्थ, वैज्ञानिक समाजवादको स्थापना गर्दै साम्यवादमा पुग्ने उदेश्यलाई केन्द्रविन्दु बनाउदै यतिबेला पुँजीवादी जनवादी क्रान्तिका कार्यभारलाई पूरा गर्न अहिलेको ऐतिहासिक आवश्यकता हो ।

झर्रोटर्री — कैलुब्राह

शुभकामनाको खेती

आज नेपालमा प्रचलित पात्रोअन्सार नयाँ वर्ष २०७५ को शुभारम्भको दिन । आज नेपाल मण्डलका रैती मनुखेहरू शुभकामनाको समुन्द्रमा डुब्छन् । अर्थात् सबै मनुखेले शुभकामना पाउँछन् । शुभकामना पनि एक दुई तीन मात्रै हैन थोकका थोकमा पाउँछन् । आज पाएको शुभकामना भकारीमा राख्ने हो भने नेपाली मनुखेको घर भरिएर राख्ने ठाउँ नै हुँदैन । त्यति धेरै शुभकामना पाउँछन् मनुखेहरू । यहाँ मनुखेले पाउने भनेकै शुभकामना नै त हो । कति सन्तोकी छन् हाम्रा रैती मनुखेहरू । तिनलाई राज्यबाट वा अरूबाट विकास, निकास, गास, बास, कपास, ओक्तोमुलो, ज्ञानगुन क्यै पनि चाहिँदैन । शुभकामना खान्छन्, शुभकामना लाउँछन्, शुभकामना ओढ्छन्, शुभकामनामै सुत्छन्, शुभकामनामै बस्छन् । शुभकामनाले ओक्तोमुलो गर्छन्, शुभकमनाले आफ्ना लालावाला पढाउँछन् । कति गतिला छन् हाम्रा रैती मनुखेहरू ।

आज राष्ट्रका पति र उपपतिहर्को शुभकामना आउँछ पहिला । त्यसपछि पर्धानमन्त्रीको । आज विहानै हाम्रा पर्धानमन्त्री शुभकामनाको कुम्लो बोकेर आफ्ना देशबाट पर्देशमा गए र रारा तालका डिलमा बसेर देश र पर्देशका रैतीहरूलाई अठार पन्ने एकतीस बुँदे शुभकामनाको पोको बाँटे । त्यो पनि विना पैसा निशुल्क वितरण गरे । कति दानी छन् हाम्रा पर्धानमन्त्री । त्यसपछि शुभकामना दिने पालो आउँछ गच्छेअन्सारका लाउके दलहर्का मुखियाहर्को । त्यसपछि मन्त्रीहर्को । त्यसपछि पर्देशका पतिहरू र मुखियाहर्को । त्यसपछि देश र पर्देशका सभामुखहर्को शुभकामना आउँछ । त्यसपछि देश र पर्देशका माननीयहर्को आउँछ । यसै गरेर देश र पर्देशका थाई सरकार अर्थात् सरकारका नोकर चाकरका प्रमुखहर्को पनि शुभकामनाको ओइरो लाग्छ । यसै गरेर उद्योगी, ब्यापारी, दलाल, गुप्त ब्यापारी, सुनदेखि नुनसम्मका डन कारोबारीहरू, जग्गादेखि मनुखेसम्मका दानी ब्यापारीहर्का तर्फबाट पनि शुभकामनाकै ओइरो लाग्छ । डलरका खेति गरेर कहिल्यै नअघाउने एनजीओ र आइएनजिओहर्का शुभकामना एफएमले भट्याउन थालेको, दुईपैसेदेखि डन पत्रिकाहरूसम्मले शुभकामना छाप्न थालेको त महिना दिन पुगिसक्यो । चैतको महिनाभरी शुभकामनाको खेति गरे उनीहर्ले ।

यसरी नयाँ वर्षको उपलक्ष्यमा शुभकामना दिनेहरू यति धेरै भए कि कुरै गरिसाध्य छैन । लिने भन्दा दिने धेरै भए । अझ फेसबुक, टुइटर र केके जाति अनेकथरीका भित्ताहरूमा त झन् कति हो कति शुभकामना । रङ्गीचङ्गी फुलहर्ले सजिसजाऊ, अविर माला, ध्वजा पताका, पटाकाको धमाकाले भरिभराऊ हुन्छन् फेसबुके भित्ताहरू । शुभकामना लिनेले पनि कहाँको लिने, कस्को लिने, सरकारी लिने कि प्राइभेटको लिने, फेसबुके भित्ताहर्को लिने कि कानै टट्टाउने गरी भट्याएका एफएमहर्का लिने । दुईपैसे पत्रिकादेखि डन पत्रिकाहर्का पन्नाबाट लिने कि हातहातमा भएका मोबाइलमा आउनेलाई ग्रहण गर्ने । बडो अलमलमा पर्छन् विचरा शुभकामना लिने मनुखेहरू ।

यो शुभकामनाको खेति नेपाल मण्डलमा वर्षैभरी फलिरहन्छ । आजबाट फल्न शुरु गरेको खेति महिनै पिच्छे एउटा न एउटा अवसर पारेर फलि रहन्छ यो खेति । बैशाख एक गतेबाट फल्न शुरु गरेको शुभकामनाको खेति ११ गते लोकतन्त्र दिवस, वौद्ध पूर्णिमा, जेठ १५मा गणतन्त्र दिवस, त्यसपछि कृष्णाष्टमी, जनैपूर्णिमा, आधा आकाशको दह्रो चाड तीज, दशैं, तिहार, छठ, तीनवटा लोसार, माघी, बसन्त पञ्चमी, इद, क्रिसमस, अङ्ग्रेजी नयाँ वर्ष, पुस २७ को एकता दिवस, फागुन ७ मा प्रजातन्त्र दिवस हुँदै फागु पूर्णिमा, वसन्त पञ्चमी, रामनवमी, चैत २६ को जनान्दोलन दिवसमा गएर टुङ्गिन्छ । त्यसपछि फेरी बैशाख १ गते आउँछ । एवम् रितले शुभकामना फल्ने खेतिपाति चलिरहन्छ । रैती मनुखेहर्लाई स्याहार्ने मुस्किल पर्छ । कति शुभकामना त स्याहार्ने नपाएर आँगनमै कुहिएर जान्छन्, पत्तोभाँती नै हुँदैन विचरा मनुखेहर्लाई ।

वर्षौं भयो नेपाल मण्डलमा शुभकामनाको खेतिपाति फल्न थालेको । पञ्चप्रेतहर्को व्यवस्थामा भन्दा ०४७ पछिको बहुदलकालमा यो खेति डबल उत्पादन भयो । अहिले गणतन्त्र र सङ्घीयताकालमा त यो यति तीव्र र ग्रेट छलाङका रूपमा विकास भयो शुभकामनाको खेति । सरकारीदेखि प्राइभेटसम्म डलरवादीदेखि संस्थादेखि टोलटोलका क्लवसम्म यसैको खेति छ । शुभकामनाको विकसले गर्दा नेपाल मण्डल पनि अव विश्वमहाशक्तिका रूपमा उदाउन थालेको छ । भर्खरै मात्र हाम्रा मण्डलका पर्धानमन्त्री छिमेकी मुलुक गएर नेपाल मण्डलमा पानीजहाज चलाउने घोषणा गरेर आएका छन् । त्यसको सर्वेक्षण गर्न र त्यहीबाट पानीजहाज चलाउने तारतम्य मिलाउन आज विहानै शुभकामनाको कुम्लो बोकेर मुगुको रारा ताल पुगे । अब रारा तालबाटै पानीजहाज कुदाउने र कर्णालीबाट सिधै काठमाण्डु जोड्ने रेल बनाउने योजनाको शुभकामना दिए । मुलुकमा त अब वर्ष होइन, महिना र दिन पनि होइन क्षणभरमा समृद्धि फलेर त्यसले हरेक मनुखेका घरघरमा समाजवाद ल्याउने छ । अब त्यो दिन धेरै टाढा छैन । यस्तो छ नेपाल मण्डलमा फल्ने शुभकामनाको करामत ।

शुभकामनाको यत्रो ठूलो महिमा र करामत देखेर यो कैलुब्राहले कनि नयाँ वर्षको अवसर पारेर सबैका सबैमा शुभकामना दिन आतुर छ । शुभकामनाले नै मनुखेको भलो हुनेदेखि देश विकास भएर समृद्धि फलेर समाजवादै आउने भएपछि शुभकामना पनि धेरै धेरै मात्र हैन लाख लाख पनि हनै मुरीका मुरी क्वीण्टलका क्वीन्टर, टनका टन, मेट्रिक टन र त्यो भन्दा पनि धेरै मिलियन, विलियन र ट्रिलियन क्वीन्टलमा शुभकामना दिन्छ । लौ सबैको शुभ होस् । कसैले अशुभ र कुभलो भएको गुनासो गर्न नपरोस् । भूकम्पले कुभलो गरेका, बाढि पहिरोले सताइएका, कोशीले बगाएका, डुबाएका सबैले शुभकामनाले आफ्नो जिविका चलाउनू । सरकारसँग, यो भएन र त्यो भएन भनेर गुनासो गर्ने, थानीय जनप्रतिनिधिहर्लाई सताउने, पर्देशका मुख्खेहरूसित गनगन गर्ने हैन । अब शुभकामना खाने, शुभकामना प्युने, शुभकामना ओढ्ने, विच्छाउने, शुभकामनाकै घर बनाउने र त्यसैमा बस्ने, शुभकामना लाउने, शुभकामना पढ्ने, सुन्ने, हेर्ने मनोरञ्जन लिने आदि इत्यादि त्यसैबाट गर्ने हो । सबैलाई चेतना भया ।

१ वैशाख २०७५

kailubraha73@gmail.com

जनयुद्धको विचार र राजनीति मरेको छैन, क्रान्ति कसैले रोकेर रोकिंदैन

(नेकपा (क्रान्तिकारी माओवादी) को युवा संगठन क्रान्तिकारी युवा लिगले युवाहरूको वैचारिक, राजनीतिकसँगसँगै शारीरिक प्रशिक्षण चलाइरहेको छ । ३ नं. प्रदेशको मकवानपुर र २ नं. प्रदेशको सिरहामा क्रान्तिकारी युवा लिगले सैयौं युवाहरूलाई मार्सल आर्टस्, लाठी चलाउने लगायतको शारिरीक तालिम दिएको छ । क्रान्तिकारी युवा लिगले चलाएको यो तालिमको अहिले क्रान्तिकारी वृतमा मात्रै होइन, वर्गदुश्मनको क्याम्पमा पनि चर्चाको विषय बनिरहेको छ । नयाँ जनवादी क्रान्तिको तयारी गरिरहेको उद्घोष गरिरहेको क्रान्तिकारी माओवादीको युवा संगठनले चलाएको यो प्रशिक्षणलाई निकै चासो र जिज्ञासाका साथ हेरिएको छ । यसै विषयमा केन्द्रित रहेर क्रान्तिकारी युवा लिगका केन्द्रीय अध्यक्ष अमीर महर्जन'आकाश'सँग गरिएको कुराकानीलाई यहाँ प्रस्तुत गरिएको छ ।

❑ **अमीर महर्जन**, अध्यक्ष- क्रान्तिकारी युवा लिग, नेपाल

क्रान्तिकारी युवा लिगले युवाहरूको वैचारिक, राजनीतिक तथा शारीरिक प्रशिक्षणलाई तीब्रता दिइरहेको छ, के मिलिट्यान्ट संगठन बनाउन लागेको हो ?

अहिले युवाहरूलाई राजनीतिक रूपमा सही बाटो पहिल्याउन र वैचारिक रूपमा स्पष्ट बनाउनु क्रान्तिकारी युवा लिगको दायित्व हो । सही राजनीति भन्नाले यो समाजमा भएका उत्पीडन अन्त्य गर्नु र राष्ट्रमाथि भइरहेको वैदेशिक हस्तक्षेपका विरुद्ध आफ्ना आवाज उठाउनु र त्यसका विरुद्ध संघर्ष गर्नु हो र आत्मनिर्भर अर्थतन्त्र निर्माणमा युवाको भूमिका सुनिश्चित गर्नु हो । अतः अर्धसामन्ती, अर्धउपनिवेशीक र नवउपनिवेशीक अवस्थामा रहेको हाम्रो देश नेपाललाई यो अवस्थाबाट मुक्त गर्ने कुरा हो र मजदुर, किसान र उत्पीडित जनसमुदायको राज्य ब्यवस्था स्थापना गर्नु हो । त्यसैले दलाल तथा नोकरशाही पुँजीपति र सामन्त वर्गका विरुद्धमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नु रहेको छ । त्यसैले मजदुर, किसान र उत्पीडित जनसमुदायले राजनीतिमा नेतृत्वदायी भुमिका सहित सहभागी भई आफ्नो अधिकारका लागि आन्दोलनमा अघि बढ्नु पर्दछ । यो मालेमावादी दृष्टिकोण, मालेमावादी संगठन विना सम्भव छैन । मालेमावादलाई बुझ्ने, यसको रक्षा गर्ने, प्रयोग गर्ने र विकास गर्ने पार्टी वा संगठनले मात्र क्रान्तिको कार्यभार पुरा गर्न सक्छ । त्यसैले क्रान्तिकारी संगठनले मालेमावादी दर्शनलाई जनता र युवासम्म पुऱ्याउनु पर्दछ । त्यसकारणले हाम्रो संगठनले वैचारिक र राजनीतिक रूपले युवाहरूलाई प्रशिक्षित गर्न प्रशिक्षण आयोजना गरेका छौं । युवाहरू स्वयममा बलिया र मिलिट्यान्ट हुन्छन् तर आफ्नो वर्ग दुश्मन चिनेन भने उसको उर्जालाई प्रतिक्रीयावादीले दुरूपयोग गर्दछ । सही विचार र राजनीति विना युवा, जनसमुदाय भ्रममा हुन्छ र बल भएर पनि कुनै काम आउँदैन । अर्को कुरा विचार सही छ तर त्यसलाई रक्षा, प्रयोग र विकासका लागि भौतिक शक्तिको आवश्यक पर्दछ । त्यसैले मिलिट्यान्ट संगठन विना विचार लंगडो हुन्छ । हाम्रो पार्टीले अवलम्बन गरेको जनविद्रोहको कार्यदिशा लागु गर्न केही युवालाई मात्र मिलिट्यान्ट बनाएर पुग्दैन बरु आम क्रान्तिकारी युवा तथा जनसमुदायलाई मिलिट्यान्ट बनाउन जरुरी छ । हाम्रो क्रान्तिकारी युवा लिग आफैमा मिलिट्यान्ट संगठन हो तर यो फौजी संगठन होइन । हाम्रो संगठनले चलाएको प्रदेशस्तरको प्रशिक्षण कार्यक्रम मुख्यत वैचारिक, राजनीतिकस्तरलाई उठाउने र क्रान्तिकारी युवाहरूलाई शारीरिक रूपमा तन्दुरुस्त बनाउन र पार्टीलाई र नेतृत्वलाई आउने भौतिक थ्रेतलाई प्रतिरोध गर्ने वातावरण बनाउनुसंग रहेको छ । स्वस्थ व्यक्तिले नै सही विचार ग्रहण गर्न र त्यसलाई सफलताका साथ लागु गर्न सक्दछ । त्यसैले यो प्रशिक्षणको ध्येय भनेको मानसिक र शारीरिक तन्दुरुस्त हुनेसंग जोडिएको प्रश्न हो ।

तपाईहरूले गरेको शारीरिक प्रशिक्षणलाई राज्य प्रशासनले हस्तक्षप गर्न खोजेको समाचार पनि बाहिर आएका थिए । के यो साँचो हो ?

हाम्रो संगठनको प्रदेशस्तरको प्रशिक्षण संचालनमा आइरहेको छ र पहिलो प्रशिक्षण ३ नं. प्रदेशको मकवानपुर हर्नामाडीको गुम्बा डाँडामा ०७४ फागुण २७ देखि चैत्र २ गतेसम्म संचालन गरेका थियौं । उक्त प्रशिक्षणमा स्थानीय प्रहरी प्रशासनले माथिको आदेश भन्दै शारीरिक प्रशिक्षणलाई रोक्न बल गरेको थियो । हाम्रो केही लट्ठी प्रहरी प्रशासनले कब्जामा पनि लिए । यो प्रशिक्षणलाई गलत ढंगले फौजी प्रशिक्षणको रूपमा दुष्प्रचार गर्ने प्रयत्नलाई हाम्रो प्रतिरोध र सञ्चार माध्यमको सहयोगबाट असफल बनाइयो । यसैक्रममा हामीले २ नं. प्रदेशको सिराहामा ०७४ चैत्र २३ देखि २७ गतेसम्मको प्रशिक्षण कार्यक्रम

पनि सम्पन्न गरेका छौं । अन्य प्रदेशमा पनि युवा जागरण तथा प्रशिक्षण कार्यक्रम आयोजना गर्ने क्रममा छौं ।

पार्टीको तीन जादुगरी हतियार निर्माणसंग युवाहरूको शारीरिक प्रशिक्षण कतिको सम्वन्धित छ ?

क्रान्तिका तीन जादुगरी हतियार मध्ये एक क्रान्तिकारी पार्टी हो, दुई सेना हो र तीन संयुक्त क्रान्तिकारी मोर्चा हो । क्रान्तिकारी पार्टीले तीन जादुगरी हतियार निर्माण नगरी क्रान्ति गर्न असम्भव प्रायः हुन्छ । त्यसैले तीनैवटा अंगमा युवालाई समावेश गर्नु पर्ने हुन्छ विशेषतः सेनामा युवाको आवश्यकता बढी हुन्छ । हाम्रो संगठन क्रान्तिकारी युवा लिग नेपाल क्रान्तिकारी पार्टीको जनवर्गीय संगठन हो जुन मिलिट्यान्ट त हुन्छ तर सैन्य संगठन होइन । क्रान्तिकारी पार्टीको हरेक क्याडर पार्टीको योजना र क्षमता अनुशार नटवोल्ट सरी प्रयोगमा ल्याईनु पर्दछ । अर्को, पार्टीका प्रत्येक क्याडरको काम कर्तब्य सांगठनिक, राजनीतिक र संघर्षका काममा नियमित लागि पर्नु हो । त्यसैले युवा संगठनका प्रत्येक क्याडर क्रान्तिका तीन जादुगरी हतियार मध्ये जुनसुकै जिम्मेवारी लिएर आफ्नो भुमिका निर्वाह गर्न सक्दछन् । जहाँसम्म युवाको शारीरिक प्रशिक्षणको कुरा हो, हामीले हाम्रो कार्यदिशा अनुशार हाम्रा युवालाई मात्र प्रशिक्षण दिएर पुग्दैन आम जनसमुदायलाई पनि शारीरिक प्रशिक्षण दिनु पर्दछ जो उत्पीडनका विरुद्धमा अधिकारका लागि संघर्ष गर्न चाहन्छन् । मार्क्सवादको मुल मन्त्र बल प्रयोगको सिद्धान्त भएको कारणले पनि क्रान्तिमा युवाहरूको भुमिका अनिवार्य र क्रान्तिकारीलाई शारीरिक रूपमा तन्दुरुस्त राख्नु कुनै नौलो कुरा होइन । युवा संगठनले गरेका यस्ता प्रशिक्षण सैन्य संगठनले गरेका तालिमसंग जोडेर हेर्नु पनि गलत हुन जान्छ । पार्टीले आवश्यक ठानेमा जनमुक्ति सेना नै निर्माण गर्नेछ ।

जनयुद्धले धक्का खाएको, चौतर्फी रूपमा प्रतिक्रियावाद र अवसरवाद हावी भएको अवस्थामा क्रान्तिकारी युवा लिगले क्रान्तिकारी युवाहरूलाई नयाँ जनवादी क्रान्तिको प्रक्रियामा हिँडाउन खोजिरहेको देखिन्छ, यो कतिको चुनौतिपुर्ण छ ?

जनयुद्धले धक्का खाएको त पक्कै हो साथै हाल प्रतिक्रियावादी र अवसरवादी हावी पनि छन् । पछिल्लो चरणमा स्थानीय तह, प्रदेश र संघीय चुनाव पछि एमाले र माकेले प्राप्त गरेको मत र उनीहरू बीच हुने भनिएको पार्टी एकता हाल बनेका गठबन्धनको ओली सरकारले अव नयाँ जनवादी ब्यवस्था होइन समाजवादी व्यवस्था ल्याउने कुरा गरेका छन् । नेपालमा पुँजीवादी ब्यवस्था आइसकेको ढोंग रचेर यहाँको अर्धसामन्ती, अर्धउपनिवेशीक र नवउपनिवेशिक अवस्थामा हुने क्रान्ति नयाँ जनवादी क्रान्तिलाई टार्ने कोसिस गरेर जनताको आखाँमा धुलो छ्यापिराखेका छन् । दश वर्षे जनयुद्धलाई गलत सावित गर्ने काम प्रतिक्रियावादीले गरिरहेका छन् भने यसको गरिमालाई गिराउने काम दक्षिणपन्थी संशोधनवादीले गरिराखेका छन । यस अवस्थामा जनयुद्धको औचित्य सावित गर्ने माओवादी आन्दोलन विचार राजनीतिको रक्षा गर्न हाम्रो पार्टी सफल भएको छ । तर हाल आएर रक्षाले मात्र क्रान्ति हुनेवाला छैन अवको परिस्थिति अनुशार मालेमावादको प्रयोग र विकास गरी नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नु पर्दछ । हाम्रो पार्टीले विकसित परिस्थितिको आधारमा नयाँ जनवादी क्रान्तिको बाटो सशस्त्र जनविद्रोहको बाटो अख्तियार गरेको छ । भविष्यमा परि स्थितिमा आउने फेरबदललाई मध्यनजर राख्दै सशस्त्र संघर्षका जुनसुकै रूप पनि अपनाउन सक्ने छ ।

विगत जनयुद्ध र जनआन्दोलनमा होमिएको युवाहरू लगायत जनसंख्याको एक तिहाई जनसंख्या अहिले विदेशीएको छ । विदेशमा रहेका युवाहरू र उनीहरूको क्षमतालाई नेपालको नयाँ जनवादी क्रान्तिमा कसरी सदुपयोग गर्न सकिन्छ ?

विगत जनयुद्ध र जनआन्दोलनमा लागेका युवाहरू आज रोजगारीको खोजीमा विदेश जान बाध्य हुनु दुःख र लाजमर्दो कुरा हो । क्रान्ति भइसक्यो भन्नेहरूका लागि यो ठुलो झापड हो । अर्को देशको एक तिहाई जनसंख्या वैदेशिक रोजगारीमा छन । वैदेशिक रोजगारको मूल कारण समाजमा रोजगारीको अवसर ज्यादै कम भएर वेरोजगारी, अर्धवेरोजगारी र छदम् वेरोजगारी व्याप्त हुनु हो जुन समाजमा विद्यमान श्रम शक्तिलाई उत्पादनशील कार्यमा उपयोगमा ल्याउन नसक्नु हो । अब नेपालको आत्मनिर्भर अर्थतन्त्र निर्माणको बाधक र बेरोजगारी समस्याको जरो यहाँको सामाजिक उत्पादन प्रणालीमा नै अन्तरनिहीत भएको कारण अर्धसामन्ती, अर्धऔपनिवेशीक र नवऔपनिवेशीक अवस्थालाई बदलेर उत्पादनका साधन माथिको स्वामित्व उत्पीडित जनसमुदायमा पुऱ्याउनु पर्दछ । जुन नयाँ जनवादी क्रान्ति मार्फत हुन्छ । युवाहरू अहिले रोजगारीको खोजीमा विदेश पलायन हुनु सही होइन र विदेशमा रहेका युवाहरू स्वदेशमा फर्किनु पर्दछ । विदेशमा नै रहेको अवस्थामा साम्राज्यवादी उत्पीडनका विरुद्ध आवाज उठाउने र संगठित हुनु पर्दछ । अर्को आफु रहेको देशमा हुने अग्रगामी आन्दोलनमा सरिक हुनु पर्दछ । त्यसको साथै आफ्नो देशमा हुने राष्ट्रिय मुक्ति आन्दोलन र सर्वहारा वर्गीय मुक्ति आन्दोलनलाई नैतिक र आर्थिक सहयोग जुटाउन पहल गर्नु पर्दछ । विद्यमान सामाजिक व्यवस्थाले विदेशमा गएर रोजगार गर्ने युवाहरूको समस्यालाई समाधान गर्न सक्दैन, त्यसकारण विदेशमा रहेका युवाहरू पनि यो प्रतिक्रियावादी समाजलाई बदल्ने आन्दोलनमा सहभागी हुन बाध्य हुनेछन् ।

राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरू अहिले विकराल अवस्थामा छन् । प्राकृतिक जलसम्पदादेखि मानवीय श्रोत साधनसम्म विदेशीलाई सुम्पेर प्रतिक्रियावादीहरूले विकास र समृद्धिको भ्रम छरिरहेका छन् ती भ्रमहरूलाई चिर्दै समस्याको वास्तविक समाधानका लागि क्रान्तिकारी युवाहरूको भुमिका कस्तो हुनु पर्छ ?

राष्ट्रियता, जनतन्त्र र जनजीविकाको समाधान सर्वहारा वर्गको पार्टीको नेतृत्वमा नयाँ जनवादी क्रान्तिद्वारा नै सम्भव हुने हो । यहाँको श्रोत साधन विदेशीलाई सुम्पने भनेको दलाल तथा नोकरशाही पुँजीलाई बढावा दिने र औद्योगिक पुँजीलाई ध्वस्त बनाउने हो । उत्पादक शक्तिलाई उत्पादनशील कार्यमा लाउन नसक्नु र कच्चा पदार्थलाई सस्तो मुल्यमा विदेश निर्यात गर्नु भनेको औद्योगिक पुँजी ध्वस्त बनाउनु हो । भएका राष्ट्रिय उद्योगहरूलाई निजीकरण गर्ने देशका श्रोत साधन बहुराष्ट्रिय कम्पनीलाई सुम्पने कामबाट स्वास्थ्य, शिक्षा, गाँस, वास र कपासको समस्या झन बिकराल बन्ने छ । अर्धसामन्ती, अर्धउपनिवेशीक र नवउपनिवेशीक मुलुकमा विकाश र समृद्धि भ्रम मात्र हुन । यी भ्रमलाई चिर्न क्रान्तिकारी युवा सर्वप्रथम आफै वैचारिक, राजनीतिक रूपमा स्पष्ट हुनु पर्दछ । युवाहरू विद्रोहको लागि तयारी अवस्थामा रहनु पर्दछ र त्यसको लागि आम रूपमा संगठन विस्तार गर्नु पर्दछ र प्रतिरोधका लागि शारीरिक रूपले पनि तन्दुरुस्त हुनु पर्दछ । त्यसका लागि व्यायाम तथा प्रशिक्षणको कार्यक्रम कार्यकर्ता र जनताको तहसम्म पुऱ्याउनु पर्दछ ।

अन्तमा छरिरहेका क्रान्तिकारी युवाहरूलाई एकीकृत र ध्रुवीकृत गरी नयाँ जनवादी क्रान्तिमा सहभागी गराउन सकिने आधार र सम्भावना के कस्तो देख्नु हुन्छ र आमूल परिवर्तनको सपना देखिरहेका आम युवाहरूलाई के सन्देश दिन चाहनु हुन्छ ?

नेपाली जनता जहिले पनि अग्रगामी आन्दोलनको पक्षमा रहेको पाउँछौं । केही समय कम्युनिष्टको साइनवोर्ड राखेका संशोधनवादीले भ्रम त दिन सक्छन तर क्रान्तिलाई रोक्न सक्दैनन् । नेपालमा भएको दशवर्षे जनयुद्धको विचार र राजनीति मरेको छैन, मात्र कमजोर भएको हो । जनयुद्धमा गोला वारुद वोक्ने र पड्काउने हात नेतृत्वको गद्दारीले निराश भएको र नेतृत्व नपाएको मात्र हो । जव आन्दोलन अगाडी बढ्छ त्यसवेलामा उनीहरूको हात चुप लागेर बस्ने छैन । राज्यको देशभक्त सेनाले पनि देश लुटेको हेरिरहन सक्नेवाला छैन । फेरी, सुचना तथा प्रविधिमा भएको विकासले क्रान्तिलाई नजिक र अझ सम्भव वनाएको छ । त्यसैले क्रान्तिकारी युवाहरूको सामु समाज रूपान्तरणको लागि ऐतिहासिक अवसर आउँदैछ, यो अवसरलाई गुम्न दिनु हुन्न ।

नेपाली समाजको स्वरूप र पार्टीको आम कार्यदिशा-४

अघिल्लोको बाँकी अंश

छैठौं: जसले नेपालमा पुँजीवादी जनवादी क्रान्ति पूरा भइसक्यो र अब समाजवादी क्रान्ति गर्नु पर्दछ भन्दछन् ती वस्तुतः समाजवादी क्रान्तिका पक्षधर नभई वर्तमान राज्यसत्ता तथा संसदीय व्यवस्थाका संरक्षक हुन् । किनभने १) तिनले वर्तमान पश्चगामी राज्यसत्ता तथा संसदीय व्यवस्थाको संरक्षण गर्ने संविधानको कार्यान्वयनलाई आफ्नो राजनीतिको केन्द्रीय मुद्दा बनाएका छन्, २) तिनले संविधान संशोधन गरी समाजवादमा जान सकिन्छ भनी बलप्रयोगको बाटोको निषेध र शान्तिपूर्ण संक्रमणको बाटोलाई अबलम्बन गरेका छन्, ३) दलाल तथा नोकरशाही तथा सामन्त वर्गसित एकाकार हुँदै ती नव धनाढ्य तथा नव दलाल वर्गमा परिणत हुँदै गइरहेका छन्, र ४) तिनले वर्गीय तथा राष्ट्रिय दुवै रूपमा आत्मसमर्पणको बाटो समाती सकेका छन् र ती क्रान्ति होइन प्रतिक्रान्तिका अंग बन्न गइरहेका छन् ।

१३- नेपाल लामो समयदेखि सामन्तवाद साम्राज्यवाद र विस्तारवाद मिलेर बनेको खिचडी संस्कृतिद्वारा उत्पीडित रहिआएको छ । सामन्तवादी संस्कृति तमाम प्रकारका अध्यात्मवाद, आदर्शवाद, ब्राहमणवाद, हिन्दु धर्म तथा अन्य धर्मका विकृति, मूल्यमान्यता र आचरणद्वारा बनेको छ। यो जनता र श्रमशक्तिको विरोधमा रहिआएको छ । साम्राज्यवादी संस्कृति विकृत पुँजीवादी संस्कृति हो । यो शून्यवाद, छाडावाद, उपभोक्तावादमा आधारित छ । विस्तारवादी संस्कृति हेपाहा, मिचाहा र वर्चस्ववादी संस्कृति हो । यस प्रकारको खिचडी संस्कृतिलाई वर्गसमन्वयवादको पक्षपोषण गर्दैआएको संशोधनवादी संस्कृतिले साथ दिएको छ । यस प्रकारको संस्कृतिको विरोधमा जनताद्वारा संघर्षका बिचबाट विकसित जनवादी, राष्ट्रिय तथा वैज्ञानिक संस्कृति पनि निर्मित हुँदै आएको छ ।

१४- अर्धसामन्ती, अर्ध-औपनिकवेशिक तथा नव-औपनिवेशिक अवस्थामा रहिआएको नेपालमा मूलतः तीन प्रकारका आधारभूत अन्तर्विरोधहरू रहिआएका छन्, ती अन्तरविरोध हुन्- (१) दलाल तथा नोकरशाही पुँजीपति एवम् सामन्त वर्ग मिलेर बनेको घरेलु प्रतिक्रियावाद र आम जनसमुदायका बिचको आन्तर्विरोध, (२) नेपाल राष्ट्र र साम्राज्यवाद/विस्तारवादका बिचको आन्तर्विरोध र (३) श्रम र पुँजीका बिचको अन्तर्विरोध । आम जनसमुदाय अन्तर्गत मजदुर, किसान, निम्न पुँजीपति, दस्तकारसहित राष्ट्रिय पुँजीपतिवर्ग र महिला, दलित, आदिवासी जनजाति, थारु, मधेशी, मुस्लिम तथा पिछडिएको क्षेत्र सहितका सबै उत्पीडित समुदाय पर्दछन् । नेपाली जनवादी क्रान्तिको वर्तमान चरणमा दलाल एवं नोकरशाही पुँजीपति र सामन्तवर्ग प्रमुख दुश्मन रहेका छन् । ती वर्ग सामान्यतः साम्राज्यवाद र विशेषतः भारतीय विस्तारवादद्वारा निर्देशित तथा परिचालित रहिआएका छन् । अहिले दलाल एवं नोकरशाही पुजीपति तथा सामन्तवर्ग एकातिर र आम जनसमुदाय अर्कोतिर भई प्रधान अन्तरविरोध बनेको छ । यी अन्तर्विरोधहरूमा वर्गदुश्मन र जनसमुदाय बिचका अन्तर्विरोधलाई नयाँ जनवादी क्रान्तिद्वारा हल गर्नु पर्दछ । वर्गदुश्मन बिचका अन्तर्विरोधहरूबाट फाइदा उठाउने र जनताबिचका अन्तर्विरोधहरूलाई मैत्रीपूर्ण रूपमा समाधान गर्ने काम गर्नुपर्दछ ।

१५- देशलाई अर्धसामन्ती, अर्ध-औपनिवेशिक तथा नव-औपनिवेशिक अवस्थाबाट मुक्त तुल्याउन र राष्ट्रिय स्वाधीनताको रक्षा, जनताको जनतन्त्रको स्थापना र जनजीविकाका आधारभूत समस्याहरूको समाधानका लागि पार्टीको आधारभूत कार्यक्रम अर्थात नयाँ जनवादको न्यूनतम कार्यक्रम यस प्रकार रहेको छ ।

(क) नयाँ जनवादी गणतन्त्रको स्थापना

नेपालमा नयाँ जनवादी गणतान्त्रिक राज्यसत्ता सर्वहारावर्गको नेतृत्व र उत्पीडित वर्ग तथा आम जनसमुदायको संयुक्त अधिनायकत्वमा स्थापित हुने छ । यो राज्यसत्ता दलाल तथा नोकरशाही पुँजीवाद, सामन्तवाद, साम्राज्यवाद तथा विस्तारवादका विरुद्ध परिलक्षित हुने छ । साथै, यो पितृसत्तावाद, ब्राह्मणवाद, उच्च जातिय अहङ्कारवाद, उच्च जातिय पहाडिया अहङ्कारवाद र केन्द्रीय एकाधिकारवादका विरुद्ध समेत परिलक्षित रहेको छ । नयाँ जनवादी गणतान्त्रिक राज्यसत्ताको शासनसत्ता जनवादी केन्द्रीयताको मान्यताद्वारा परिचालित हुनेछ । नेपाल धर्मनिरपेक्ष मुलुक हुनेछ । नयाँ जनवादी गणतान्त्रिक राज्यसत्ता न त पहिले युरोपका फ्रान्स लगायतका देशहरूमा पुँजीपति वर्गको नेतृत्व र पुँजीपति वर्गकै अधिनायकत्वमा स्थापित पुरानो राज्यसत्ता हो, न सोभियत रुसमा सर्वहारावर्गको नेतृत्व र सर्वहारावर्गकै अधिनायकत्वमा स्थापित समाजवादी राज्यसत्ता नै हो । नयाँ जनवादी राज्यसत्ताले देशलाई अर्धसामन्ती, अर्धऔपनिवेशिक तथा नवऔपनिवेशिक अवस्थाबाट मुक्तगरी समाजवादमा प्रवेश गर्नका लागि राजनीतिक, आर्थिक तथा सांस्कृतिक रूपमा आधार तयार पार्ने काम गर्दछ । नयाँ जनवाद वैज्ञानिक समाजवादको अभिन्न अंग हो ।

(ख) राष्ट्रिय स्वाधीनता र सार्वभौमिकता

साम्राज्यवाद र विस्तारवादका विरुद्ध देशको राष्ट्रिय स्वाधीनता, क्षेत्रीय अखण्डता तथा सार्वभौमिकताको रक्षा गर्नु पर्दछ । विभिन्न समयमा विभिन्न विषयमा राष्ट्र र जनताको हित विपरीत गरिदै आएका सबै असमान सन्धि संभौताहरूलाई खारेज गरी नयाँ आधारमा नयाँ सन्धि संभौता गर्नु पर्दछ । राष्ट्रिय स्वाधीनतालाई अन्धराष्ट्रवाद होइन सर्वहारा अन्तर्राष्ट्रियतावादसित जोड्नु पर्दछ ।

(ग) मजदुर वर्गका हक तथा अधिकारको प्राप्ति

मजदुरहरूका आधारभूत हक अधिकारको प्राप्ति, न्यूनतम ज्यालाको निर्धारण र समुचित पारिश्रमिक सुनिश्चितर्नु पर्दछ । श्रमिक वर्गमाथि हुँदै आएका सबै दमन तथा उत्पीडनको अन्त्य गरी मजदुर वर्गलाई राज्यसत्ताको नेता तथा स्वामी बनाउनु पर्दछ । श्रमशक्तिमा सन्निहित ऊर्जालाई स्थापित तथा प्रस्फुटित तुल्याउनु पर्दछ । आफ्ना हकहितको निम्ति मजदुर वर्गको आन्दोलन तथा हडताल गर्ने अधिकारलाई सुनिश्चित गर्नु पर्दछ ।

(घ) सामन्ती भूस्वामित्वको अन्त्य र क्रान्तिकारी भूमिसुधार

जमिन्दार तथा गुठीको स्वामित्वमा रहेका जमिन र कृषि औजारलाई विना मुआवजा

नेपालमा पुँजीवादी जनवादी क्रान्ति पूरा भइसक्यो र अब समाजवादी क्रान्ति गर्नु पर्दछ भन्दछन् ती वस्तुतः समाजवादी क्रान्तिका पक्षधर नभई वर्तमान राज्यसत्ता तथा संसदीय व्यवस्थाका संरक्षक हुन् ।

जफत तथा भूमिहीन एवम् गरीब किसानहरूमा वितरण गरी क्रान्तिकारी भूमिसुधार लागु गर्नुपर्दछ । विचौलिया तथा भूमाफियाहरूद्वारा गरिएको भूखण्डीकरणको अन्त्य गर्नुपर्दछ । भूमिको राष्ट्रियकरण गर्नु पर्दछ । वैज्ञानिक, व्यावसायिक तथा सहकारी कृषि प्रणालीको विकास र कृषि तथा वनजन्य उद्योगको निर्माणमा विशेष जोडदिनु पर्दछ । कृषिको आधुनिकीकरण गर्नु पर्दछ ।

(ङ) जातीय पहिचानसहितको संघीयता

आत्मनिर्णयको अधिकारको सैद्धान्तिक स्वीकृतिसहित जातीय तथा क्षेत्रीय स्वायत्तता, समावेशी समानुपातिक प्रतिनिधित्व,उत्पीडित जातीय पहिचानसहितको संघीयतालाई स्थापित गर्नु पर्दछ । त्यस निम्ति आन्तरिक रूपमा सामन्ती ब्राह्मणवाद र वाह्यरूपमा साम्राज्यवाद तथा विस्तारवादको विरोध गर्नुपर्दछ । उत्पीडित जनसमुदाय र मजदुर वर्गका बीच सुदृढ एकता कायम गर्नु पर्दछ ।

(च) विशेषाधिकारको व्यवस्था

महिलाहरूलाई सबै क्षेत्रमा पुरुषसरह समान अधिकार प्रदान गर्नु पर्दछ । महिला, दलित तथा मुस्लिम समुदाय र अपाङ्गहरूका लागि सबै खाले उत्पीडन तथा भेदभावको अन्त्य, स्वतन्त्रता र विशेषाधिकारको व्यवस्थालाई स्वीकृत तथा स्थापित गर्नु पर्दछ । विशेषाधिकारको व्यवस्था भनेको अति उत्पीडित जनसमुदायका लागि विभिन्न क्षेत्रमा प्राप्त हुनुपर्ने क्षतिपूर्तिको अधिकार हो ।

(छ) समानुपातिक/समावेशी प्रतिनिधित्व

लामो समयदेखि शोषित तथा उत्पीडित रहिआएका मजदुर तथा किसान वर्ग र उत्पीडित जनसमुदायका लागि समानुपातिक/समावेसी प्रतिनिधित्वसहितका अधिकारको प्राप्तिको समुचित व्यवस्था गरिनु पर्दछ । निर्वाचनमा पूर्ण समानुपातिक प्रतिनिधित्वको व्यवस्था हुनु पर्दछ ।

(ज) राष्ट्रिय पुँजीपति वर्गका अधिकारबारे

राष्ट्रिय पुँजीपति वर्ग त्यो हो जसले दलाल तथा नोकरशाही पुँजीपति र सामन्त वर्गको विरोध गर्दछ । भूमण्डलीकृत साम्राज्यवाद तथा विस्तारवादका विरुद्धको संघर्षमा यस वर्गको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यद्यपि त्यो वर्ग कमजोर रहिआएको छ , परन्तु यसलाई बलियो बनाउन र यसका हकहित तथा अधिकारको स्थापना गर्न आवश्यक पहल गर्नु पर्दछ । राष्ट्रिय पुँजीको विकास गरी समाजवादलाई सहज बनाउन यस वर्गलाई प्रोत्साहित तुल्याउनु पर्दछ ।

(झ) स्वतन्त्र राष्ट्रिय अर्थतन्त्रको निर्माण

स्वतन्त्र राष्ट्रिय अर्थतन्त्रको निर्माणका लागिकृषि, उद्योग, वाणिज्य तथा वित्तीय क्षेत्रमा लामो समयदेखि प्रभुत्व जमाउँदै आएको दलाल तथा नोकरशाही पुँजीको राष्ट्रियकरण गरी राष्ट्रिय पुँजीको विकासमा जोड दिनु पर्दछ । आधारभूत उद्योगहरूको सार्वजनिक क्षेत्रमा संचालन तथा विकास गर्नु पर्दछ । राष्ट्रिय हित अनुरूप वैदेशिक व्यापार गर्ने र वैदेशिक व्यापारलाई निर्यातमुखी बनाउन जोड दिनु पर्दछ। निर्वाध पारवहन अधिकारलाई स्थापित तुल्याउनु पर्दछ । स्वतन्त्र बजारका नाममा वर्चस्व कायमगर्दै आएको नव-उदारवादी अर्थतन्त्र र बहुराष्ट्रिय कम्पनीहरूको एकाधिकारलाई अन्त्यगरी स्वदेशी उद्योग तथा उत्पादनको विकास गर्नुपर्दछ । उद्योगहरूको समुचित विकासकालागि भूउपयोग र भौतिक पूर्वाधारको विकासमा जोड दिनुपर्दछ । अन्तर्राष्ट्रिय खुला सिमाना बन्द गर्नुपर्दछ ।

(ञ) स्वतन्त्र परराष्ट्र नीति

सबै प्रकारका असमान सन्धि संभौता तथासहमतिहरूलाई खारेज गरी नयाँ आधारमा नयाँ सम्बन्ध स्थापित गर्नु पर्दछ । शान्तिपूर्ण सहअस्तित्व र पञ्चशीलको मान्यताका आधारमा सबै मुलुकसित मैत्रीपूर्ण सम्बन्ध विकसित गर्नु पर्दछ । विश्वमा साम्राज्यवाद, प्रतिक्रियावाद तथा विस्तारवादका विरुद्ध चल्दै आएका राष्ट्रिय मुक्ति, जनवादी तथा समाजवादी आन्दोलनहरूको समर्थन गर्नु पर्दछ । चीन र भारतसित असल छिमेकी सम्बन्ध कायम गर्नु पर्दछ ।

(ट) जन-उत्तरदायी न्यायप्रणाली

जनताका निम्तिछिटो छरितो, सुलभ, स्वतन्त्र तथा निष्पक्ष न्याय प्रदान गर्न जनउत्तरदायी न्यायप्रणालीको स्थापना गर्नु पर्दछ। श्रमिक वर्ग तथा उत्पीडित जनसमुदायका लागि वास्तविक न्याय प्राप्त हुनुपर्दछ । यस प्रकारको प्रयोजनका लागि न्यायालयहरू जनता तथा व्यवस्थापिकाप्रति उत्तरदायी बन्न आवश्यक छ ।

(ठ) जनताको जनवादी शिक्षाप्रणाली

शैक्षिक क्षेत्रमा निजीकरण तथा व्यापारीकरणको अन्त्य गरी सार्वजनिक क्षेत्रलाई स्थापित गर्नु पर्दछ । श्रममूलक, व्यावसायिक तथा प्राविधिक शिक्षाको विकासमा जोड दिदै जनताको जनवादी, राष्ट्रिय तथा वैज्ञानिक शिक्षा प्रणालीको स्थापना गर्नु पर्दछ ।

(ड) प्रमुख आधारभूत समस्या

शिक्षा, स्वास्थ्य, खाद्यसंप्रभुता, रोजगारी तथा आवाससहित श्रमिकवर्ग र उत्पीडित जनताका जनजीविकाका अधारभूत समस्याको समाधानका लागि विशेष जोड दिनुपर्दछ । यस प्रकारका समस्या समाधानको प्रश्नलाई राज्यले आफ्नो दायित्वका रूपमा ग्रहण गर्नु पर्दछ र वास्तविक जीवनमा यिनको समाधान गर्नुपर्दछ ।

(ढ) जनताको वैज्ञानिक संस्कृति

विचारधारा, साहित्य, कला, संस्कृतिको क्षेत्रमा सामन्तवाद, साम्राज्यवाद र विस्तारवादको उत्पीडनलाई अन्त्य गरी जनताको जनवादी, राष्ट्रिय तथा वैज्ञानिक संस्कृतिको विकास गर्नु पर्दछ । धार्मिक क्षेत्रमा गरिने कुनैपनि उत्पीडन, हस्तक्षेप तथा प्रभुत्वको अन्त गर्नुपर्दछ । मार्क्सवाद-लेनिनवाद-माओवादको पथप्रदर्शनमा विचारधारा, कला, साहित्य र संस्कृतिको क्षेत्रमा प्रगतिशील तथा प्रगतिवादी धारालाई स्थापित तुल्याउँदै सामन्तीआभिजात्यवाद, ब्राह्मणवाद, वुर्जुवा आधुनिकतावाद, उत्तरआधुनिकतावाद, सांस्कृतिक साम्राज्यवाद, उपभोक्तावाद, विस्तारवाद र संशोधनवादको विरोध गर्नुपर्दछ । ऐतिहासिक एवम् पुरातात्विक महत्वका सांस्कृतिक एवम् कलात्मक सामग्री र जनपक्षीय राष्ट्रिय तथा प्रगतिशील कला साहित्य र संस्कृतिको संरक्षण, विकास र अनुसन्धानका कामलाई अगाडि बढाउनु पर्दछ ।

१६- नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नका लागि क्रान्तिकारी कम्युनिस्ट पार्टी, जनसेना र संयुक्त मार्चाको निर्माण गर्न आवश्यक हुन्छ । क्रान्तिका यी तीन प्रकारका साधनहरू मध्ये क्रान्तिकारी कम्युनिस्ट पार्टीको भूमिका प्रधान हुन्छ ।

१७- देशलाई अर्ध सामन्ती, अर्ध औपनिवेशिक तथा नव औपनिवेशिक अवस्थाबाट मुक्त गर्नका लागि सशस्त्र जनक्रान्ति आवश्यक हुन्छ । क्रान्तिको इतिहासमा सशस्त्र जनविद्रोह र दीर्घकालीन जनयुद्धमा आधारित फौजी कार्यदिशाको प्रयोग हुँदै आएको छ । समाजको विकाससितै फौजी कार्यदिशाको विकास हुँदै जान्छ । सशस्त्र संघर्षका कुनै खास रूपमा मात्र सीमित रहनु हुँदैन र आवश्यकता अनुसार जुनसुकै रूप वा कार्यदिशाको प्रयोग गर्नु पर्ने हुन्छ । परन्तु, वर्तमान सन्दर्भमा विगतमा भएका विभिन्न जनआन्दोलन, सशस्त्र संर्घष र मुख्यतः जनयुद्धको आधार तथा अनुभवमाथि ध्यानदिंदै नेपाली विशिष्टतामा आधारित सशस्त्र जनविद्रोहको कार्यदिशा अवलम्वन गर्नुपर्दछ ।

१८-नेपाली क्रान्तिलाई सही दिशा प्रदान गर्न र क्रान्तिलाई सफल तुल्याउनका लागि सबैखाले संशोधनवाद र वर्तमान सन्दर्भमा मुख्यतः दक्षिणपन्थी संशोधनवादका विरुद्ध विचारधारात्मक संघर्षलाई प्रभावकारी ढङ्गले अगाडि वढाउनु पर्दछ ।

१९- नेपाली क्रान्तिको विकास दुई चरणमा आधारित छ, ती हुन्–नयाँ जनवादी क्रान्ति र समाजवादी क्रान्ति । अहिले नेपाली क्रान्ति नयाँ जनवादी चरणमा छ । नेपालमा नयाँ जनवादी क्रान्तिको चरणपारगरेपछि हामी समाजवादी क्रान्तिको चरणमा प्रवेश गर्नेछौं । साम्यवाद हाम्रो अन्तिम लक्ष्य र गन्तव्य हो ।

समाप्त

गठबन्धन सरकारको नारा र जनताको समस्या

● कमल चौधरी ●

निर्वाचनको बेला चुनावमा सहभागी हुने पार्टीहरूको चुनावी प्रतिबद्धताहरू हुन्छन् । त्यो स्वाभाविक नै हो । नेपाल र नेपाली समाजको यथार्थ धरातलमा उभिएर नै केही गर्न सकिन्छ । नेपाली समाजको यथार्थ स्थिति कस्तो छ ? समाज विकासको गतिमा सबै भौगोलिक क्षेत्रका जनताको समाज अवस्था छैन् । दुर्गम पहाड र वन्यक्षेत्रमा राउटे, बनकरिया, चेपाङ्ग, कुसुन्डा आदि जस्ता जनजातिहरू छन् । जो अझै घुमन्तु सिकारी र कन्दमुल संग्रह गर्ने अवस्थामै छन् भने कोही बल्लबल्ल अन्न उत्पादनको कामसँग जोडिदैछन्

पहिलो संविधानसभाको अवसान र दोस्रो संविधानसभाको निर्वाचनको अवस्था निकै नै विवादित रहेको थियो । त्यसको स्पष्ट झलक संविधानमा परेको छ । विश्वमा प्रचलन के रहेको छ भने संविधान भनेको देशको मूल कानुनको स्थितिमा रहन्छ । तर नेपालको दोस्रो संविधानसभाको संविधान निर्मातामा आत्मविश्वास यति दुर्वल रहेको पाइन्छ कि संविधानले नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने हक प्रदान गर्न भनेर ३३ वटा धाराहरू मौलिकहकको निम्ति छुट्याइएका छन् तर दुई-तीन वटा बाहेक कुनै पनि कार्यान्वयनको अवस्थामा छैनन् । संविधान कार्यान्वयनको अवस्थामा आइसकेको छ तर नागरिकलाई सम्मानित बनाउने भनिएको भाग नै निष्क्रिय छ, त्यसको निम्ति कानुन बनाउनु पर्नेछ । त्यस्तै अन्य धाराहरू पनि छन् जुन कानुन बनाएपछि मात्र क्रियाशील हुन सक्ने अवस्थामा पुग्छन् । यसरी के देखियो भने कानुनद्वारा संविधान निर्देशित छ, जुन एउटा विचित्र कै अभ्यास हो । एक त संविधान नै विवादित छ । निर्माणकालदेखि घोषणाको बेलासम्म पनि संविधानका आकांक्षी उत्पीडित वर्ग, जाति, समुदाय र लिंगका जनताले विरोध जनाउँदै आएका छन् र अझै पनि असहमति कायम नै छ । कानुन निर्माताले आफ्नो कपटपूर्ण चालबाजीलाई जसरी प्रयोग गर्दै आएका छन् । त्यसअनुसार संविधानमा उल्लेखित वाक्यांशहरू कानुनद्वारा अपभ्रंश हुँदै जाने सम्भावना पनि उत्तिकै छ । उदाहरणको लागि संविधानको प्रस्तावनामा जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक प्रणालीप्रति प्रतिबद्धता जनाइएको छ; तर निर्वाचनको बेला थ्रेसहोल्डको कानुन बनाएर उपेक्षित अल्पसंख्यक सीमान्तकृत वर्ग र समुदायको दलीय स्वतन्त्रतामा सहभागी हुने दोकानै बन्द गराइयो । ठूला पार्टीका नेताहरूमा आफ्नो पार्टीको नीति कार्यक्रमप्रति विश्वास नभएको कारण विभिन्न गठबन्धन बनाएर झूठा नारा, प्रलोभन, दादागिरीको बलमा चुनावी मैदानमा उत्रे । निर्वाचन पर्यवेक्षण गरेका देशी, विदेशी, पर्यवेक्षकहरूको रिर्पोटहरूले पनि निर्वाचनमा धन, धाँधली र धम्की प्रयोग भएको तथा निर्वाचनको आचारसंहिताको उल्लंघन भएको हुँदा पनि निर्वाचन आयोग मौन दर्शक रहेको, संविधानमा संघीयताको गुण, धर्म नअँगालेको तथा मानव अधिकारको समेत उपेक्षा गरिएको कुरालाई संकेत गरेका छन् । युरोपियन युनियनका पर्यवेक्षकको प्रतिवेदनको विरोधमा प्र.म. केपी ओली जसरी चर्को स्वरमा बोले त्यसको सट्टा आफ्नो उदाँगिएको विकृति नदोहोरिने बाँचा गरेको भए ओलीजीको इमान्दारिता ठहरिने थियो । सबै अपराधलाई राष्ट्रियताको नामले छोप्न खोज्नु राष्ट्रियतालाई अपमानित गर्नु हो । राष्ट्रघात र जनघातको तुलनामा ओलीजीको राष्ट्रियता यति छोटो पऱ्यो कि टाउको छोप्दा खुट्टा देखिने, खुट्टा छोप्दा टाउको बाहिरिने भएको छ ।

निर्वाचनको बेला चुनावमा सहभागी हुने पार्टीहरूको चुनावी प्रतिबद्धताहरू हुन्छन् । त्यो स्वाभाविक नै हो । नेपाल र नेपाली समाजको यथार्थ धरातलमा उभिएर नै केही गर्न सकिन्छ । नेपाली समाजको यथार्थ स्थिति कस्तो छ ? समाज विकासको गतिमा सबै भौगोलिक क्षेत्रका जनताको समाज अवस्था छैन् । दुर्गम पहाड र वन्यक्षेत्रमा राउटे, बनकरिया, चेपाङ्ग, कुसुन्डा आदि जस्ता जनजातिहरू छन् । जो अझै घुमन्तु सिकारी र कन्दमुल संग्रह गर्ने अवस्थामै छन् भने कोही बल्लबल्ल अन्न उत्पादनको कामसँग जोडिदैछन् । देशका किसानहरू परम्परागत निर्वाहमुखी खेती गरेर जीवनयापन गरिरहेका छन् । थोरै किसानहरू व्यावसायिक तथा आधुनिक प्रविधिसँग जोडिएका छन् जो कर्पोरेट संस्थाहरूको शोषणमा छन् । व्यावसायिक खेती गर्ने किसानले उत्पादनको उचित मूल्य पाउँदैन । कृषिमा सरकारी अनुदानको व्यवस्था छैन । किसान ऋणमा डुबेका छन्, बिचौलियाहरू मालामाल छन् । आधुनिकताको प्रभाव नगरीय क्षेत्रमा मात्र छ । नेपालमा विकासका योजना पछिल्लो समूहलाई लक्षित गरेर तयार हुने गर्दछ । समृद्धि र समाजवादको नारा सुकिला मुकिला नेताहरूले सुकिला समाजलाई आकर्षित गर्न ल्याएका हुन् । राउटे, चेपाङ्ग, वनकरिया र दुर्गम क्षेत्रका गरिब जनताको निम्ति अस्थायी-स्थायी सरकार र वा विकासे नारासँग के सम्बन्ध छ । तुलसी दासकी मंथरा दासीको मुखबाट भनिएको 'कोउ नृप होहि हमे का हानी चेरी छोरी होयव ना रानी'झैं उनीहरू जन्मेकै सबै संकटसँग जुझ्नको लागि हो । जसको अस्तित्व संकटमा छ, जसले वर्षमा एक पटक लुगा फेर्न पाउँदैन, जसले एकछाक पेटभरि खान पाउँदैन, रोगीले औषधि पाउँदैन, विद्यालय जाने उमेरका बच्चा आमाबाबुसँग गिठ्ठा, भ्याकुर खन्न दिनभरि भीरपाखा बनजंगल चहारी हिँड्छन् । तिनको लागि शहरी विकास र स्कूले शिक्षा एउटा पहेली बाहेक के होला ? संघीयताले पनि सम्भ्रान्त वर्ग समुदाय कै निम्ति आरक्षण र विशेष अधिकारको सुविधा दिन्छ भने अमेरिकी रेड इन्डियनहरूझैं नेपालका पिछडिएका, जनजातिहरू पर्यटकहरूलाई मनोरञ्जन दिने आरक्षित मानव चिडियाखाना कै जन्तु हुनेछ । 'होमस्टे' भन्ने व्यवसायको विकासमा सरकारले दिइरहेको जोड पनि त्यसको एउटा नमूना हो ।

एमाले, माकेको गठबन्धनको केन्द्रीय सरकार बनेको छ । वामपन्थी गठबन्धनको नाममा चुनाव जित्ने अभियान सफल नै भयो । कम्युनिष्टलाई मनपराउने मतदाताले भोट पनि हाले । ओली प्रधानमन्त्री बनेका छन् । अब हेर्नु यो छ की यो सरकारले आफ्नो कार्यक्रम कसरी अगाडि बढाउँछ । समृद्धि, समाजवाद र गरिबी निवारणको नारा यद्यपि आकर्षक छ, तर नेपाललाई स्वीट्जरल्याण्ड, सिँगापुर बनाउने नारा पनि विगतमा लागेकै हो । त्यो पनि आकर्षक नै थियो । गरिबी निवारणको नारा पनि पुरानै हो । तर नेपाली जनताको अवस्थालाई कति पनि माथि उठाउन सकेन । ओली सरकारको अर्थमन्त्रीले राज्यको ढुकुटी रित्तो छ भनेर श्वेत-पत्र जारी गरेको छ । देरसवेर यो असफल राज्य घोषणा हुने जोखिम छ । इतिहासमा के पाइएको छ भने प्रथम कम्युनिष्टको हातमा सम्भौताद्वारा सत्ता आएको छैन् । दोस्रो, कम्युनिष्टको हातमा सत्ता आउँदाको बेला देश सबै किसिमले जर्जरको अवस्थामा रहेको हुन्छ । जब कम्युनिष्टले शासन सत्ता हातमा लिन्छ पुनर्निर्माणको गतिलाई तीव्रता दिन्छ र देश अग्रगामी छलाङतिर उन्मुख हुन्छ । सन् १९४० मा चीनको नान्किन सहरमा च्याङकाइसेकको शासन थियो । त्यहाँको जनजीवनको स्थिति निकै नै जटिल र कठिन थियो । मुद्रास्फिति निकै उच्च थियो । भ्रष्टाचारको साम्राज्य थियो । अभावै अभाव र महँगीले जनताको कम्मर भाँचिदै थियो । त्यही बेला चीनियाँ कम्युनिष्ट पार्टीले नेतृत्व गरेको जनमुक्ति सेना एउटा दस्ताले त्यो सहरलाई च्याङकाइसेकको कब्जाबाट मुक्त गराएको थियो । आफ्नो हातमा सत्ता आउने बित्तिकै कम्युनिष्ट नेतृत्वले त्यहाँको स्थितिमाथि पूर्ण नियन्त्रण कायम गर्दै त्यहाँका नाफाखोर ब्यापारी, भ्रष्ट ब्याकर्सहरू र कालो बजारीया तथा तस्करहरू माथि कार्यवाही गरेर जनताको निम्ति रासनीङ्ग सिस्टम चलाई दैनिक उपभोगका बस्तु सुलभ गराइयो । श्रमजीवी जनताले उचित ज्याला र रोजगारको ग्यारेण्टी पछि मजदुर वर्गमा उत्साह जागेर आयो । ६ महिनामा नान्किनको कयापलट भएको थियो । के वाम-गठबन्धनको सरकारमा त्यस्तो कुनै पनि लक्षण छ ? अहिले केपी ओली भारत भ्रमणबाट फर्केका छन् तर भारतसँगको व्यापार घाटा कम हुनुको सट्टा आकाशिदो छ, महँगीले जनजीवन अस्तव्यस्त छ । तस्करी मौलाएको छ । भ्रष्टाचार नियन्त्रण हुनुको सट्टा बढ्दो छ । बलात्कारका घटनाहरू दिनप्रतिदिन जसो नै समाचारमा आइरहेका छन् । बोक्सीको आरोपमा महिलालाई यातना दिइन्छ र यस्ता घटनामा नगर प्रमुखको पनि सहभागिता पाइएको छ । न्यायसेवासमेत विवादको घेरामा पर्न थालेको छ । न्यायकर्मीको नैतिक धरातलप्रति पनि शंका उठ्न थालेको छ । सरकारी कार्यालयमा सेवाग्राहीले उचित सेवा पाएको छैन । सामाजिक सुरक्षा भत्ता वितरण गर्ने निकायमा मनपरी छ । यस्ता जनसरोकारका कामहरू सुधार हुनुको सट्टा बिग्रँदो छ । वैदेशिक रोजगारको व्यवस्था मिलाउनु पर्दछ । विदेशमा गई काम गरिरहेका लाखौं युवाहरूलाई स्वदेश फर्काउनु पर्ने तर यहाँ प्रदेश-प्रदेशबाट वैदेशिक रोजगारमा युवा शक्तिलाई बाहिर पठाउन लागिएको छ । विप्रेषणको भरमा देश चलिरहेको छ । ओलीजी समृद्धि र समाजवादको नारा लगाइ रहनु भएको छ ।

क्रान्तिकारी माओवादीको १०औं काठमाडौं जिल्ला अधिवेशनका केही झलकहरू

तस्बिर : जय दाहाल

साहित्यका प्रतिमान र तिनको पहिचान

● प्रा.डा.जगदीश चन्द्र भण्डरी

मार्क्सवाद दर्शनको आधारभूत मान्यता वर्ग संघर्ष, बलप्रयोगको अनिवार्यता तथा सर्वहारा वर्गको अधिनायकत्व हो । मानवीय चेतनाका विविध रूप वर्गहित वा वर्गस्वार्थमा आधारित एवम् आश्रित हुन्छन् । वर्ग निरपेक्ष वा गैरवर्गीय चिन्तन/विचारधारा हुँदैन । सामाजिक चेतनाकै एक रूप रहेको कला वा साहित्य पनि वर्गीय तथा वर्गसापेक्ष हुने कुरा निश्चित नै छ । मार्क्सवाद वा मालेमावादी सिद्धान्त/मान्यतालाई बुझ्नुले मात्र मालेमावादी हुन सक्दैन । वर्गसंघर्षलाई नमान्ने वा वर्गसंघर्षप्रति नकारात्मक हुने अर्थात् कर्ममा त्यसलाई लागू नगर्ने मानिस मालेमावादी हुन सक्दैन । साहित्यमा पनि वर्गसंघर्षलाई आत्मसात नगर्ने लेखक/साहित्यकार मार्क्सवादी हुन नसक्ने कुरा मार्क्सवादी कला चिन्तकहरूले उठाउँदै आएका छन् ।

नेपालको राजनीतिक इतिहासमा आफूलाई क्रान्तिकारी भनाउने र चिनाउने थुप्रै किसिमका शक्तिहरू विद्यमान छन् । खासगरी नेकपा (एमाले) र नेकपा (माके) (जो केही समयपछि एकीकृत हुँदैछन्)ले वर्गसंघर्षलाई छोडेर बुर्जुवाहरूको राजनीतिक मान्यतासँग आफूलाई गाँसेका छन् । वर्गसंघर्ष, बलप्रयोगको सिद्धानत, सर्वहारा अधिनायकत्व जस्ता मूलभूत कुरालाई हटाएर संसदीय पद्धतिका माध्यमबाट समाजवादमा जाने जस्ता पटमूर्खद्वारा गरिने किसिमका तर्क अघि सारी उनीहरू बदलिएका छन् । भेंडुवा समाजशास्त्र र विकासवादका प्रभावमा मार्क्सवादी चिन्तनलाई प्रष्ट गर्ने काम उक्त क्रान्तिविरोधी तत्वबाट भएको छ । विश्वमा देखापरेको दलाल पुँजीवादी तथा गैरजनगातन्त्रवादी राजनीतिक शक्तिहरूसँगको सान्निध्य प्राप्त गर्ने लालसा पहिले-पहिले नेकपा (एमाले)मा देखापऱ्यो भने पछिल्लो अवधिमा नेकपा (माके)मा त्यस प्रवृत्तिले जरा गाड्यो । फलस्वरूप दुवै क्रान्तिकारी राजनीतिक चिन्तन तथा विचारधारालाई निषेध गरी बुर्जुवा पक्षमा समाहित हुन पुगे । जनगणतन्त्र र जनवादलाई छाडी संसदवाद र दलाल पुँजीवादमा आफ्नो स्वार्थ पूरा हुने अभिष्टमा ती दुवै शक्ति एकीकृत हुन पुगेको कुरा ऐतिहासिक तथा समकालीन तथ्यद्वारा पुष्टि हुन्छ । समकालीन विभेदपूर्ण सामाजिक, आर्थिक एवं सांस्कृतिक अवस्थाका विपरीत शान्तिपूर्ण संसदीय पद्धतिमा न्यायपूर्ण सामाजिक, आर्थिक र सांस्कृति अवस्था हुने जस्तो संशोधनवादी रहेकोछ । गैरवर्गीय चिन्तनलाई नै आफ्नो मूलभूत मान्यता बनाउने र क्रान्तिकारी वर्गलाई भुक्याउने उक्त तत्व क्रान्तिविरोधी एवं प्रतिक्रियावादी हुन पुगेको छ । दलाल पुँजीवादी तथा सामन्तवादी तत्वसँग समाहित भई प्रतिक्रियावादमा पतन हुन गएको क्रान्तिविरोधी, जनवादविरोधी एवम् राष्ट्रियता विरोधी तत्व संसदपरस्त तथा दलालपन्थी हो । मार्क्सवादी दर्शनमा रहेको एउटा महत्वपूर्ण मान्यता वर्गसंघर्ष हो भने त्यसलाई सर्वहारावर्गको अधिनायकत्वसम्म पुऱ्याउनु र मुक्ति कार्यलाई सम्पन्न गर्नु मार्क्सवादी अर्थात् मालेमावादी दर्शनको मूल चिन्तन हो । यस विपरीत संशोधन तथा नवसंशोधन तत्वसँग सामिप्य रहेको सर्जक पनि अन्ततः संसदवादी तथा बुर्जुवापन्थी हुनु स्वाभाविक रहन्छ । दार्शनिकतः विचलन र पतन भइसकेको भ्रष्ट विचारविहीन संशोधनवादी तत्व क्रान्तिविरोधी भई सिर्जनाका मूलभूल आधार तथा प्रतिमान विपरीत आदर्शवादी मानकहरूलाई मुख्य बनाउने गर्दछन् । वर्गनिरपेक्ष अन्तर्वस्तुको आग्रह, घृणास्पद प्रवृत्ति प्रतिको लोभ, अनि सुधारवादी अभिवृत्ति, निजी स्वार्थपरक क्रियाकलाप, उपभोक्तावादी राग, इतिहास र भविष्यविरोधी भाव, खण्डित चेत, क्रान्ति र संघर्षप्रति विमोह, क्रान्तिकारी उदात्त आदर्शप्रतिको घृणा, यथास्थितिवादप्रति आकर्षण, संसदवादी क्रियाकलाप, सर्वहारा वर्गीय अधिनायकत्वको विरोध, बुर्जुवा अधिनायकत्वको गौरव गान, जनयुद्ध, सशस्त्र संघर्ष र जनविद्रोहप्रतिको विराग, सर्वहारा वर्ग-सौन्दर्यप्रतिको विमोह जस्ता प्रवृत्ति क्रान्तिविरोधी अर्थात् संशोधन/नवसंशोधनपरक स्रस्टा/लेखकमा हुन्छन् । यिनै प्रवृत्तिका आधारमा तिनको पहिचान गर्न सकिन्छ ।

निष्कर्षतः सर्वहारा तथा उत्पीडित वर्गको मुक्तिकै कलात्मक सौन्दर्य प्रकट हुने कुरालाई निषेध गर्ने समकालीन संशोधनवादी/नवसंशोधनवादी तत्व कला विरोधी रहेको छ । वर्गीयता, वर्गसंघर्ष, बलप्रयोगको अनिवार्यता, सर्वहारा वर्गको अधिनायकत्व तथा सर्वहारा मानवतावाद नै क्रान्तिकारी सर्जकको पहिचान तथा मानक हुन् । संशोधन/नवसंशोधनवादी विचारमा सम्बद्ध सर्जक संशोधनवादी समाजवाद र लोकतान्त्रिक बुर्जुवा गणतन्त्रमै आफ्नो दलाल पुँजीपन्थी चिन्तनको निष्कर्षमा आफूलाई उभ्याउँछ । सुधारवादीहरू संसदपन्थी आदर्शकै सारतत्वालाई क्रान्तिकारी देखाउने प्रयत्न गर्दै बुर्जुवा मूल्य-मान्यताको सम्बर्द्धनमा लाग्दछन् । मालेमावादी साहित्यिक मूल्य-मान्यता सम्बद्ध सक्रिय वा क्रान्तिकारी चेतनाको नकारमै रमाउने उक्त तत्वले वर्गसंघर्ष, वर्गीयता, क्रान्तिमा बलप्रयोगको सिद्धान्त तथा सर्वहारा वर्गीय अधिनायकत्वका विरुद्ध आफूलाई उभ्याउँछ । तिनीहरूको कलात्मक भूमिका वर्गीय नभई निर्वर्गीय हुन्छ, क्रान्तिकारीहरूलाई उत्प्रेरणा होइन पलायन र निराशातिर, अग्रसर गराउने काम गर्दछन् । तिनीहरू प्रतिक्रियावादसामु आत्मसमर्पण गरी वर्गशत्रुकै विचारधारा र प्रवृत्ति अंगाली सर्वहारावर्गको संघर्षलाई निस्तेज तथा न्यूनीकरण गर्ने कुरामा रमाउँछन् । सुधारवादी, संसदपन्थी बुर्जुवा समाजवादीहरू वास्तविक अर्थमा प्रगतिवादी वा समाजवादी हुँदैनन्, सर्वहारा वर्गीय साहित्य र बुर्जुवा साहित्यलाई एकै ठाउँमा घोलघाल गरी रंगहीन, कलाहीन र सौन्दर्यहीन बनाउँछन् । यसर्थ मालेमावादी सर्जकहरूले दलाल पुँजीवादी बुर्जुवापन्थी तथा संशोधन/नवसंशोधनवादी समाजवादी यथार्थवाद र सर्वहारा वर्गीय समाजवादी यथार्थवादका बीच रहेको भिन्नतालाई पहिचान गरी कलात्मक सिर्जनामा संलग्न हुनु पर्दछ ।

-वर्गबोधबाट

नयाँ वर्ष २०७५ को शुभ अवसरमा देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. सोमनाथ अधिकारी
महानगर फ्लेक्स
भरतपुर- १०, चितवन मा.वि.को सटर
सम्पर्क ९८४५२७७७५६, ९८५५०७७७५६

प्रो. खुशिराम घिमिरे
अनुपम छापाखाना
भरतपुर- १०, बिरेन्द्र क्याम्पस गेट
सम्पर्क ०५६-५२६१५०, ९८५५०५२१५०

प्रो. अम्मर बहादुर थापा
सुयल मौरीपालन तथा कुखुरापालन
भरतपुर- ११, चितवन
सम्पर्क ९८४५०२६८७३, ९८४५२११८८१

प्रो. सुर्य मध्यरात
न्यू मध्यरात मूर्तिकला
भरतपुर- १२, चितवन
सम्पर्क ९८४५०९१४३२, ९८४५६३२४१४

प्रो. नवराज भट्ट
भ्याली एक्सप्रेस रेष्टुरेण्ट
भरतपुर- १०, चितवन मा.वि.को सटर
९८५११५७६६१

प्रो. घनश्याम पौडेल
महालक्ष्मी मिष्ठान्न भण्डार
भरतपुर- १०, चौविसकोठी
सम्पर्क ०५६-५३३३८७, ९८४५३२५७५९

प्रो. कमलेश
बालाजी स्टोर्स
नारायणगढ, चितवतन

प्रो. लुला राज तामाङ
चितवन फिस हाउस
भरतपुर- १०, रिजाल चोक
सम्पर्क ०५६-५२४११३, ९८५५०५०४५९

प्रो. दिपक पौडेल
फेवा इम्पोरियम
मेनरोड, नारायणगढ
सम्पर्क ९८५५०५२६३२

प्रो. मिलन लोप्चन
सिराइचुली मिट सप्लायर्स
भरतपुर- १०, नहर चोक
सम्पर्क ९८५५०६३२४३

प्रो. विर बहादुर गुरुङ
आधुनिक पोल्ट्री ट्रेडर्स
भरतपुर- ३, चितवन
सम्पर्क ९८५५०५५२५३

खगेश्वर लम्साल/खगेन्द्र लम्साल
विकल्प इयाल ढोका ट्रेडर्स
भरतपुर- १०, नयाँ मेडिकल कलेज अगाडी
सम्पर्क ९८४५९२१९१७/९८४३७२१७९३

नव वर्ष २०७५ को
शुभ अवसरमा हाम्रा विद्यार्थी, अभिभावक एवं देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ दिदीबहिनीहरूलाई हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

प्रिन्सिपल- देउप्रकाश राई
मुनाल इङ्लिस बोर्डिङ हाइ स्कुल
बु.उ.म.न.पा.-६, ज्योतिपथ, रूपन्देही

प्रमुख- बसन्तराज खनाल
लिट्स कलेज
बुटवल-८, सुख्खानगर, रूपन्देही

दलबहादुर छन्त्याल
अध्यक्ष

राजु भुजेल
सचिव

नेपाल आदिवासी जनजाति महासंघ
जिल्ला समन्वय परिषद् रूपन्देही

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

नयाँ वर्ष २०७५ को हार्दिक शुभकामना

२०४३ सालदेखि शैक्षिक क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउन सफल बुटवल क्षेत्रकै मुटुमा अवस्थित यस सिद्धि चिल्ड्रेन्स एकेडेमी बोर्डिङ्ग स्कुलमा कक्षा नर्सरी देखि कक्षा ९ सम्म यही नयाँ शैक्षिक शत्र २०७५ का लागि भर्ना खुल्यो ।

भर्ना कार्यक्रम :
१. नयाँ - २०७५ /०१/०२ गते देखि
२. नवीकरण (पुराना विद्यार्थीहरूका लागि) २०७५/०१/०३ गते देखि
३. कक्षा संचालन २०७५/०१/५ गते देखि

प्रिन्सिपल
सिद्धि चिल्ड्रेन्स एकेडेमी हाई स्कुल
श्रवण पथ –बुटवल,०७१–५४१४१२

सूचना

यस कार्यालयसँग सम्बन्धी सेवा प्रवाहका विषयमा तपाईंको कुनै गुनासो अथवा सुझाव छ भने हामीलाई खबर गर्नुहोस ।

मालपोत कार्यालय
बुटवल, रूपन्देही, सम्पर्कः ०७१–५४४२०७

नेपालको...

शासन चलाएका थिए । यसरी उनको शासन ३० बर्ष टिकेको थियो ।

संसदीय प्रजातन्त्रवादी हुँ भन्ने नेपाली कांग्रेसको नेतृत्वले कोशी, गण्डकी र रातो झण्डा बोकेको एमाले समेतको नेतृत्वले महाकाली भारतलाई बुझाएको पुरानो कुरो भएको छैन । जगजाएर छ । एमाले समेतको नयाँ संविधानले (२०७२) आदिबासी जनजाति मधेसी, मुस्लीमलाई जातिभेद गर्नुका साथै पहाडी दलितलाई समेत "खस आर्यबाट" हटाएर जातभेदको राजनीति गरेको छ ।

हालको ने.क.पा. (मा.के.) समेत भएर कोशी हाई ड्याम, अरुण तेस्रो र अपर कर्णाली बुझाएको कुरो सामान्य नेपालको जलस्रोतको जानकारी राख्ने जो कोहीलाई पनि थाहा हुनु पर्छ ।

हालैको चैत्र २३-२५ मा नेपालको वर्तमान प्रधानमन्त्रीले भारतको सद्भाव (!) भ्रमण गर्नु भएको थियो । दिल्लीको तीन दिने भ्रमणमा निस्कनु अघि उहाँले भारतसँग नयाँ कुनै सम्झौता गरिने छैन तर पहिलेका सम्झौताहरू कार्यन्वयनमा ल्याउने काम गरिनेछ भन्नु भएको थियो । उँहाको प्रयास स्वरूप चैत्र २४, २०७४ मा नेपालका प्रधानमन्त्री ओली र भारतका प्रधानमन्त्री मोदीले नेपालको अरुण - ३ जलविद्युत परीयोजनाको भारतको दिल्लीबाटै संयुक्त रूपमा शिलन्याास गरिने कार्यक्रम बन्यो तर नेपालमा त्यसको विरोध भएकोले रोकिन गयो । उहाँको भारतसँग गरिएका पहिलेका जलविद्युत संझौताहरू कार्यन्वयनमा ल्याउने नीतिका कारण कोशी हाईड्याम, अरुण- ३, अपर कर्णाली र पच्चेश्वर परियोजनाहरू कार्यान्वयनमा आएका र आउने छन् । पधानमन्त्री ओली भारत जादाँ बुझाउनु पर्ने नँया कुरो केही बाँकी थिएन । तर बुझाई सकिएका कुराहरूको कार्यन्वयन गरी/ गराई चाकरी पुऱ्याउन मुख्य थियो, त्यो कार्य गरिएको दावी छ ।

आफु प्रधानमन्त्री भए पछि यति हतारमा भारत जान पाउनका लागि उँहाले भारतीय विदेश मन्त्रीलाई पहिलै नै आमन्त्रण गर्नु भएको थियो । भारतीय विदेश मन्त्रीले उहाँको इच्छा पुरा गरिदिएको थिइन ।

३) राष्ट्रवादी प्रधानमन्त्रीको भारत भ्रमण

प्रधानमन्त्रीको भारत भ्रमणका साथ रहनु भएको परराष्ट्र मन्त्रीले ओलीजीको भ्रमण सद्भावना भ्रमण थियो, नयाँ केही गरिएन भनेका छन् । जे भए पनि खुसीको कुरा हो कि दिल्लीबाट दुई प्रधान मन्त्रीको १२ बुँदे संयुक्त विज्ञप्ति सार्वजनिक भएकोछ । विज्ञप्ति भन्दा बाहिर के के गरिएको छन्, त्यो कार्यन्वयनमा आउँदा देखिने कुरा भयो तर विज्ञप्ति त अहिले नै देखियो । विज्ञप्तिमा मोदीजीको छिमेकीसँगको "सबका साथ सबका विकास" को नीति अनुसार नेपालको वीरगंजमा एकीकृत चेक पोष्टको संयुक्त उद्घघाटन गर्ने, नेपालमा भएका रहेका दुई पक्षीय परियोजनाहरूको चाँडो भन्दा चाँडो कार्यन्वयन गर्नु पर्ने अनुभूत गरेको र त्यसका लागि विविध एजेण्टाहरूमा सहकार्य बढाउन विद्यमान दुईपक्षीय संयन्त्रहरूलाई पुनः शक्तिशाली बनाउने ।

बुँदा ६ मा नेपालको वीरगंजमा एकीकृत चेकपोष्टको संयुक्त उद्घघाटन गर्ने ।

बुँदा ८ मा नेपालमा भएको दुईपक्षीय परियोजनाहरूको चाँडो भन्दा चाँडो कार्यन्वयन गर्नु पर्ने खाँचो अनुभूत गरिएको र त्यसकालागि विविध क्षेत्रहरूका बीच सहकार्य बढाउन विद्यमान दुई पक्षीय संयन्त्रहरूलाई पुनः शक्तिशाली बनाउने ।

बुँदा ९ मा कृषिमा भारत नेपालको नयाँ साझेदारी, भरतको रक्सोलबाट काठमाण्डौंसम्म रेलबै लिङ्केज बढाउने र दुई देशबीच जलमार्ग जोड्ने, आदि छन् । उक्त बुँदाहरूमध्य नं.८ प्रमुख हो र अन्य तपसिलका छन् । बुँदा ८ नै नेपालको जलश्रोतसँग सम्बन्धित छ र चाँडो भन्दा चाँडो कार्यन्वयन गर्नु पर्ने खाँचो अनुभूत गरिए अनुसार नै मोदी र ओलीले दिल्लीबाटै अरुण-३ जलविदुत परियोजनाको शिलान्यास गर्न खोजिएको थियो ।

राष्ट्रवादी प्रधानमन्त्री खड्ग प्रसाद ओली शर्माको भारत भ्रमणको उदेश्य र सफलता पूर्ववर्ती सबै राष्ट्रवादी भन्ने नेतासँग फरक नहुनुमा नै गाँसिएको देख्नु अनौटो कुरो भएन ।

२०७५/०१/०१

ओली र...

जस्तो बनाउँछौं भन्नुपर्ने हो नि ।'

कम्युनिष्ट, वाम वा राष्ट्रवादीको नाममा उनीहरूले छेरेको भ्रम अब धेरैदिन नटिक्ने दावी गर्दै महासचिव किरणले कम्युनिष्टको साइनबोर्ड मात्रै हटाउने हो भने राप्रपा र कांग्रेसभन्दा एमाले र माकेमा केही फरक नभेटिने बताउनु भयो ।

विगतमा एमालेलाई 'संशोधनवादी एमाले गद्दार गुट', 'प्रतिक्रियावादमा पतन एमाले', 'जनयुद्धको प्रतिकारमा उत्रिएको एमाले गुट', 'संकटकाल लगाउन र माओवादी नेताहरूको टाउकाको मूल्य तोक्न सरकारलाई उक्साउने एमाले' भनेर लेख्ने र भाषण गर्ने प्रचण्ड आज एमालेमा विलय हुन पुगु भनेको उनको उल्टोदिशातिरको छलाङ भएको भन्दै महासचिव किरणले भन्नुभयो, 'एमाले होइन बदलिएका प्रचण्ड हुन्, माके हो ।'

पार्टीपंक्तिलाई प्रतिक्रियावादी, संशोधनवादी र अवसरवादीहरूको भण्डाफोरलाई व्यापक बनाउन निर्देशन दिंदै महासचिव किरणले एमाले र माकेबीचको एकताले तत्काल चुनौती खडा गरेपनि भविष्यका दृष्टिले राम्रो फाइदा पुऱ्याउने विश्लेषण गर्दै संगठन र संघर्षलाई तालमेल मिलाउँदै नयाँ जनवादी क्रान्तिको प्रक्रियालाई घनिभूत रूपमा अगाडि बढाउनु पर्ने विचार व्यक्त गर्नुभयो ।

प्रतिक्रान्ति हावी भएको, चौतर्फी प्रतिक्रियावादी र अवसरवादीहरूको घेरावन्दी रहेको समयमा काठमाडौं जिल्ला पार्टीले अधिवेशन सान्दार रूपमा आयोजना गरेकोमा धन्यवाद दिंदै क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले क्रान्तिका निम्ति आफ्नो शक्तिमाथि विश्वास गरेर अगाडि बढ्नुपर्ने विचार व्यक्त गर्नुभयो । विचारधारात्मक तथा राजनीतिक कार्यदिशा सही वा गलत हुनुले सबैचितको निर्धारण गर्ने भन्दै पार्टीले लिएको सही कार्यदिशाकै कारण देशैभरि पार्टीको पक्षमा माहौल बन्दै गएको दावी गर्नुभयो ।

पार्टी स्थायी समिति सदस्य रामसिंह श्रीसलगायतका नेताहरूले सम्बोधन गरेको अधिवेशनमा सामना साँस्कृतिक परिवारका कलाकारहरूले क्रान्तिकारी गीत प्रस्तुत गरेका थिए ।

देजमो काठमाडौंका अध्यक्ष खगेन्द्र छन्त्यालले सञ्चालन गरेको अधिवेशनको अध्यक्षता पार्टी केस तथा काठमाडौं सचिव शारदा महतले गर्नुभएको थियो । अधिवेशनमा पार्टी पिविएम तथा ३ नं. प्रदेश सचिव सागर, पिविएम तथा देजमो ३ नं. प्रदेश संयोजक प्रभाकिरण, केसहरू हुकुमबहादुर सिंह, हस्तबहादुर केसी, प्रा.डा. जगदीशचन्द्र भण्डारी, इश्वर तिम्सिना, हरिकृष्ण गजुरेल, बसन्त बोगटीलगायत नेताहरूको उपस्थिति रहेको थियो ।

यसैबीच, २९-३० चैत्रमा सम्पन्न अधिवेशनले जिल्ला सेक्रेटरीमा सरुलाई चयन गर्दै ५१ जनाको काठमाडौं जिल्ला संगठन समिति निर्माण गरेको छ ।

क्रान्तिकारी...

सिरहा जिल्लाका नेकपा (माके) का जिल्ला समितिका सदस्यहरू लाहान नगरपालिका वडा नं. १६ का मानबहादुर तामाङ्ग जिल्ला समिति, धनगढी माई न.पा. १४ का गौरव बहादुर तामाङ्ग जि.स., कंश लाल तामाङ्ग जि.स., लालध्वज तामाङ्ग जि.स., नन्दलाल मगर, धनगढी माई न.पा. १२ का विजला ठाकुर जि.स. आदिले पार्टी परित्याग गरी नेकपा (क्रान्तिकारी माओवादी) मा प्रवेश गरेका थिए । यो क्रान्तिकारी ध्रुवीकरणमा सामेल भएका नेता कार्यकर्तालाई महासचिव किरणले पार्टी प्रवेश गराउनु भएको थियो ।

उक्त प्रशिक्षण कार्यक्रम चैत्र २७ गते समापन गरिएको थियो । कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी) का पोलिटव्यूरो सदस्य तथा प्रदेश नं. २ का संयोजक कृष्णसिंह देव दनुवार, पि.वि.एम. कमल चौधरी, केन्द्रीय सदस्यहरू महेश यादव, माकेमा पि.बी.एम रहेर त्यसबाट विद्रोह गरि क्रान्तिकारी माओवादीमा प्रवेश गर्नु भएका रामनारायण सिंह समेतको उपस्थिति रहेको थियो ।

यसैबीच, क्रान्तिकारी माओवादीको सुनसरीको प्रशिक्षण कार्यक्रममा पार्टीलाई एमालेमा विलय गराउन लागेको भन्दै माओवादी केन्द्र परित्याग गरी विनोद खड्काको नेतृत्वमा जिल्लाका नेता कार्यकर्ताहरू क्रान्तिकारी मओवादीमा प्रवेश गरेका छन् । उनीहरूलाई महासचिव किरणले अवीर लगाएर पार्टी प्रवेश गराउनु भएको थियो ।

सिरियामाथि...

बताएका छन् । साथै राष्ट्रसंघको आपतकालीन बैठक बोलाउन माग गरे । रुसको सरकारी टीभीमा प्रसारित एक वक्तव्यमा पुटिनले सिरियामाथिको आक्रमणलाई हस्तक्षेपकारी कदम भएको बताएका छन् । डुमामा गत साता भएको शंकास्पद रासायनिक हमला नियोजित रूपमा कसैले गराएको र त्यसलाई आक्रमणको बहाना मात्र बनाइएको उनले बताएको बीबीसीले जनाएको छ । सिरियास्थित रुसी नौसैनिक र हवाई अखडा नजिकका क्षेत्रहरूलाई निशाना नबनाएको रुसी रक्षा मन्त्रालयले जनाएको छ । उसका अनुसार दमास्कस नजिक सैन्य अखडामा प्रहार भएको १२ वटा क्रुज क्षेप्यास्त्रलाई सिरियाली तोपले खसालेको छ । रुसी विदेश मन्त्रालयका प्रवक्ताले सिरियामाथि भएको आक्रमणले शान्ति वार्ताको प्रयासमा धक्का पुगेको बताएका छन् । रुसी समाचार एजेन्सी आरआईएसँगको कुराकानीमा मारिया जखारोवाले भने, यसले विद्रोही र चरमपन्थीलाई यो सन्देश दिएको छ कि उनीहरूले जे गरिरहेका छन्, त्यो सही छ ।'

बेलायती प्रधानमन्त्री टेरिजा मेले सिरियामाथि भएको आक्रमणलाई उचित र बैधानिक भनेकी छन् ।

जर्मन पत्रकारले सोधेका थिए कि बेलायतले डुमामा भएको भनिएको रासायनिक आक्रमणको अन्तराष्ट्रिय छानविन किन पर्खिएन ? जवाफमा मेले भनेकी छन्, बेलायतले आफ्नो स्तरबाट डूमामा के भएको थियो पत्ता लगाएको छ र, ओपीसीडब्ल्यूको छानविन प्रक्रिया लामो छ ।

साथै सिरियामा भएको संदिग्ध रासायनिक हतियारको प्रयोग पूर्वी रुसी जाजुसमाथि भएको आक्रमणसँग जोडिएको बताइन् । प्रधानमन्त्री मेले विश्वमा रासायनिक हतियार प्रयोग रोक्न कानुन बनाउन समेत माग गरेकी छन् ।

बेलायतका रक्षामन्त्रीले भनेका छन् कि बेलायती वायुसेनाले बसर अल असद सरकारलाई प्रष्ट सन्देश दिएको छ ।

जर्मन चान्सलर एंगेला मर्केलले सिरियामाथि गरिएको आक्रमणको समर्थन गरेकी छन् । उनले यसलाई एक जरुरी कदम भनेको बीबीसीले जनाएको छ ।

इरानी सर्वोच्च नेता अयातुल्लाह अलि खानेमीले सिरियामा पश्चिमा आक्रमणलाई अपराध भनेका छन् । यसबाट अमेरिकाका साझेदारले केही उपलब्धि हालिस गर्न नसक्ने भन्दै उनले भने, 'अमेरिकी राष्ट्रपति, बेलायती प्रधानमन्त्री र फ्रान्सका राष्ट्रपति अपराधी हुन् ।' इजरायल र टर्कीले सिरिया आक्रमणको समर्थन गरेका छन् ।

सिरियालाई घातक गतिविधिमा संलग्न हुन इरानसहितका देशले आधार दिएको भन्दै इजरायलले भनेको छ, यसले सिरियाको सीमा, फौज र नेतृत्वलाई जोखिममा पारेको छ ।

टर्कीले हवाई आक्रमणलाई उपयुक्त प्रक्रिया र मानवीय चेतनालाई सहज तुल्याएको बताएको छ ।

राष्ट्रपति बसर अल असदले पश्चिमाको सैन्य कारबाहीको जवाफ दिंदै सिरिया र त्यहाँका मानिसहरू देशमा चरमपन्थीहरूलाई समाप्त पार्न एकजुट भएको बताएका छन् । उनले इरानका राष्ट्रपति हसन रुहानीसँग फोनमा कुराकानी गरेका छन् ।

राष्ट्रपतिको कार्यालयले असद आफ्नो कार्यालय गएको भिडियो ट्वीट गर्दै पश्चिमा देशहरूको आक्रमणले सिरियालाई कुनै असर नगरेको सन्देश दिएको छ । संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरसले राष्ट्रसंघका पाँच स्थायी सदस्य मध्ये ३ मुलुकले आक्रमण गरेका विवरणलाई नियालिरहेको बताएका छन् ।

राष्ट्रसंघीय वडापत्र र सामान्य अन्तराष्ट्रिय कानुन अनुसार कदम चाल्न उनीहरू जिम्मेवार रहेको बताएका छन् । संयम अपनाउन आग्रह गर्दै उनले भनेका छन्, 'सिरियाली जनतालाई झन पीडा थप्न सक्ने अवस्था आउन नदिन आग्रह गर्छु ।'

चीनले सिरियामाथि पश्चिमा देशको आक्रमण अन्तराष्ट्रिय कानुनको उल्लंघन भएको बताएको छ । विदेश मन्त्रालयका प्रवक्ता हुआ च्युनिङले चीन अन्तराष्ट्रिय सम्वन्धमा बलको प्रयोग, राष्ट्रसंघ सुरक्षा परिषद्को सिद्धान्त र अन्तर्राष्ट्रिय कानुनको उल्लंघनको विरोधमा रहने बताएका छन् ।

चैत २७ देखि २०७५ वैशाख ३ गते सम्मको दुर्वाच्य

रामचन्द्र हुमागाई

गिला है वली जी रारातालमा शाख !

चैत २७ गते । नेपाल अझै पनि जँगली युगमा रहेछ भन्ने कुरा दिनदिनै अएका समाचारले पुष्टि गर्छ । बुटबल कि किशोरी, त्यो पनि पहाडिया मूल कि युवतीलाई दाइजो नल्याएको झोकमा उनका पति र सासुले सताएर प्रहरीको शरणमा जान वाध्य भएको आजै आएको सचारले आँगैं सिरिङ्ग गर्छ । मदेशी मूलका मानिसको त पुरानो वाँनी नै हो, त्यसलाई विस्तारै साम्य पार्न सकिन्छ तर पहाडियाहरूमा यो रोग कहाँबाट सऱ्यो ? बाल वलात्कार, वोक्सी र धामीझाक्रीको समश्या पनि पुरानै हो । कतै 'सौ चुवा खाकर विल्ली चले हज' । भनेको यही त होइन ?

चैत २८ गते । प्रधानमन्त्री केपी वालीले माथिल्लोको तामकोशी जलविद्युत आयोजना प्रमुखलाई म्याद जारी गरेर 'आगामी नौ महिनामा निर्माण कार्य सक्नु' भनेर समन जारी गरेछन् । के ओलीको बोलीलाई यि प्रमुखले सुनवाई गर्लान् त ? गरेनन् भने हाकिमको के हालत होला ? वा प्राविधिक कार्य भएकाले ढिला हुनगएको भन्दै अर्को सनम जारी होला ?

चैत २९ गते । गिठ्ठा भ्याकुर पनि पेटभरी खान नपाउँने नेपाली जनताका सरकारी कर्मचारीले एक वर्षमा चिया मात्रै ७ अर्बको खाएछन् । नेपाली कफिले विश्व वजारमा सान देखाएको बेला 'कफि पनि खाएका थियौं' भनेर विल पेश गरिएको भए हुन्थ्यो नि ! कमसेकम नेपाली पैसा नेपाल मै रह्यो भनेर चित्त बुझाउन त पाइथ्यो ।

चैत ३० गते । देख्न त परैजावस सुन्दा पनि कहाली लाग्दो कुरा । ५ खर्ब वेरुजु । महालेखाका कर्मचारी पो वद्मास त होइनन् । हिसाव मिलाउँन नै नजान्ने ? एकजना उपसचिव स्तरका कर्माचारीले केही वर्ष अगाडि भनेका थिए, ' हामीले लोकसेवा पास गर्नु नै हाम्रो जागिर हो, आम्दानी भनेको त अतिरिक्त हुनुपर्छ' अर्थात् टेवूल मुनीको आम्दानीलाई मात्रै सरकारी कर्मचारी आम्दानी मान्छन् । अनि, भ्रष्टाचार नभए के हुन्छ त ! यस्ता मानिसलाई कर्माचारी भनेर पालि राख्नु सरकारको दायित्व भित्र पर्छ र !हामीलाई त पर्ला जस्तो लाग्दैन ।

२०७५ बैशाख १ गते । प्रधानमन्त्री केपी वली भारतको निम्तो मानेर अस्तिमात्रै नेपाल फर्किएका छन् । फर्किने वित्तीकै 'के ल्याए त वलीले' भन्ने विषयले निकै प्राथमिकता पायो । यो प्रसँगमा एकपटक विहारका लालुप्रसाद यादवलाई सम्झिन मनलाग्यो । हुन त उनी यतिवेला जेलमा छन्, उनको चियोचर्चो नहुनु पर्ने हो तर वलीको भ्रमण फिर्तीपछि र वलीले के ल्याएभन्ने विषयमा चासोबढेको हो । लालुप्रसाद यादव बिहारका मूख्यमन्त्री थिए । उनी दिल्ली गएर विमानस्थलमा आउँदा पत्रकारले सोधिहाले, ' लालुजी आप्ने दिल्लीसे क्या लेकर आया है' । लालुको ठट्टा गर्ने वानी प्वाक्क भनिहले, 'वही बनियान, तौलिया और कोलगेट, ब्रस' । कही वली जीले पनि यत्ती र यस्तै कुरा मात्रै लिएर आए कि अरु केही, नेपाली जनताले जान्न चाहेका छन् ।

बैशाख २ गते । प्रधानमन्त्री ओली मन्त्रीपरिषदको बैठकमा भाग लिन रारा ताल पुगेर फर्किएका छन् । यो तामझामलाई देखेर नेपाली जनता खुशी छैनन् । माधबकुमार नेपालको प्रधानमन्त्रीत्वको शाखः गिर्न शुरु गरेको पनि कालापथ्थरमा क्याविनेट बैठक राख्दाखेरि नै हो भने पुष्पकमल दाहालको पनि शाख गिरेको साँढे दुइलाखको पलले हो । कि सर्वहारा पार्टीको नेता मन्न छोड्नुपऱ्यो, कि यस्ता कुराको पछि लाग्नुको साटो मितव्यीता अपनाएर खर्चको जोहो गर्दै विकास निर्माणका काममा लाग्नुपऱ्यो । अन्यथा काले खत्री र खत्री कालेमा के फरक पर्ला र ! कि कसो हो ?

बैशाख ३ गते । खनालद्वयको चमत्कार देखिएको छ । प्रहरी सेवामा । नेपाल प्रहरीमा रमेश खरेललाई एक नम्वरले हुत्याएर सर्वेद्र खनाल माथि उक्लिएका छन् भने विना प्रतिस्पर्धा शैलेन्द्र खनाल शसस्त्रमा महानिरिक्षक बनेका छन् । निजामतीमा झैं चट्टी पड्काउँदै सहर पसेका र कलेजमा मण्डले राजनीति गरेका गुण्डालाई प्रहरी सेवामा लैजाने परम्परा थियो तर अब पार्टीको राजनीति गर्ने गुण्डाहरू प्रहरी सेवाको उपल्लो दर्जामा पुग्ने परम्परा बसिसकेको छ । अहिलेसम्म नेपाली काँग्रेसका गुण्डा माथि पुग्थे, पुगिराखेकै छन् भने यी खनालद्वय कुन ड्याङका मुला हुन, तल देखिएको जनसेवाको नकाव माथि पुगेपछि उत्रिने गरेको छ । हेरौं यिनीहरूले फलामको नकाव लगाएका छन् कि छालाको ?

नयाँ वर्ष २०७५ को शुभ अवसरमा देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. महादेव शर्मा पौडेल

दशरथ कंक्रिट उद्योग

भरतपुर-१५, मंगलपुर, चितवन

९८५५०५६२०३

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

मितेरी यातायात एण्ड अटो प्रा.लि.

प्रधान कार्यालय : कलंकी, काठमाडौं

फोन नं. : ०१-४२७०७०४, ४२७६७१

तेह्रथुम सम्पर्क : छिलगाम ग्रेपी (९८५२०६०२५४)

फोन नं. : ०२६-४६०२५४

रूपा, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

टाटा सुमो सेवा

काठमाडौंबाट- हेटौंडा, बीरगंज, चपुर, निजगढ, रातनुर

फोन नं. : ०१-५१८७२५६

बल्खु, काठमाडौं ।

रोयल बुईपा A/C जम्बो हाईस

गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म

काठमाडौं सम्पर्क नम्बर

बसन्त खड्का - ९८४२८३७७९३

- ९८१७७१९६९७

इन्द्र कट्टेल - ९८१८४३५२९०

गाईघाट सम्पर्क नम्बर

फोन नं. ०३५-४२१६४३

पुरुषोत्तम खनाल - ९८५२८३५६९०

- ९८१५७८४८७४

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

हिमाल-तराई यातायात सेवा समिति

रिभर्ज वाहिएका सम्पर्क

सानोभाई थापा - ९८४४२५२३८५

सानोभाई फलफूल एण्ड जुस भण्डार

सिन्धुली जुनार भवन

९८४४०७६२६१

९८०३१२८४३०

टाटासुमो बोलेरो

काठमाडौं फोन: ०१-५१००४९४, ९८४११०६९६७, ९८४४४०३२५९

सिन्धुली फोन: ०४७-५२११६९, ०४७-६९१३३२, ९७४४०२२७३५, ९८४४२५२३८५, ९८१२०७५६९८, ९८६०१०२७३७, ९८४४००८४००

यहाँ सिन्धुलीबाट धुलिखेल, बनेपा हुँदै कोटेश्वर, बाबहिलसम्मको टिकट पाइन्छ ।

आलोपालो

ओलीको भ्रमण र राष्ट्रियता

● नगेन्द्र राई

नेपाल-भारतबीचको सन्धि १९५० ले नेपालको राष्ट्रिय स्वाभिमान गुमाएको कुरा सबै सचेत नेपालीहरूलाई थाहा भएकै कुरा हो । त्यसैले ओली यसपालीको राजकीय भ्रमणले १९५० को असमान सन्धिबारे निश्चयनै कुरा ओली उठाउँछन् होला भन्ने सर्वाधिक चासो रहेको थियो तर सन्धिबारे चर्चा पनि भएन । किनकि ओलीको अघिल्लो कार्यकालमा भारतले नाकाबन्दी गर्दा ओली खुब राष्ट्रवादी नेताको रूपमा आफूलाई उभ्याउन सफल भएका थिए । जसको कारण तीनै तहका निर्वाचन एमालेले नै जित्न सफल भयो र दोस्रो कार्यकालका लागि ओली प्रधानमन्त्री बन्न सफल भएका छन् । तर यसपालीको भारत भ्रमणले ओली राष्ट्रवादी नेता कि राष्ट्रघाती दलाल भन्ने प्रष्ट पारे भारतीय पत्रकारहरूले अब नेपाल र भारतबीचको सम्बन्ध सुमधुर हुन्छ भन्ने प्रश्न गर्दा हिजो पनि दिक्तता थिएन भनेका छन् । नेपाली जनतालाई ओली राष्ट्रवादी नेता हो भन्ने भ्रम पार्न मोदी सरकारले नै प्रायोजित गरेको खेल हुन सक्छ । नेपाली जनताको भारत विरोधी मनोविज्ञानलाई मोदी सरकारले राम्ररी बुझेका छन् । त्यसैले ओलीलाई कथित भारतविरोधी राष्ट्रवादी नेताको रूपमा उभ्याउने निर्वाचन जिताउने, संसदमा बलियो बनाउने र आफ्नो स्थायी दलाल बनाउने चाल हुन सक्छ । यदि यो नै खेल हो भने यतिबेला ओली र मोदी दुवै पात्र सफल भएको छ । अब नेपाली राष्ट्रघात हुने श्रृङ्खला सुरु हुन सक्छ । भ्रमणका संयुक्त वक्तव्यमार्फत सार्वजनिक गरिएको बुँदा नं. ६ मा पुराना र नयाँ परियोजनाहरू तीव्रताका साथ कार्यान्वयनको कुरा छ । यो नै राष्ट्रघाती छ किनकि विगतमा भएको कैयौं परियोजना जनघाती, राष्ट्रघाती छन् । सेती, अरुण तेस्रो, कर्णालीजस्तो नदीमा गरिएको जलविद्युत् सम्झौता पिटिए र पिडिएमा जुन राष्ट्रघात भएको छ । यस्तो परियोजनाहरूलाई खारेज गरेर सबभन्दा कल लगानीमा उत्पादन हुनसक्ने परियोजनाहरूमा जनताको सहभागितामा राष्ट्रकै लगानीमा परियोजना सम्पन्न गर्नुपर्छ तर भारतीयको लगानीमा नै गर्ने कुरा भएको छ । यसै बुँदामा रेलमार्ग र जलमार्गको कुरा छ । जलमार्गको कुरा गर्दा अहिलेको हाम्रो नदीहरूको जुन अवस्था छ त्यही अवस्थामा साना बोट (नाउ)हरू बाहेक ठूलो भारवहन क्षमता भएको पानीजहाज कुनै पनि हालतमा चल्न सक्दैन । त्यसका लागि पानीको मात्र र सतह वृद्धि गर्नुपर्ने र त्यसको बाटो (च्इइत) परिवर्तन र व्यवस्थित गर्नुपर्ने आवश्यकता हुन्छ । त्यसकारण जलमार्ग सञ्चालन गर्ने नाममा हाम्रा सबै नदीहरूमा उच्च बाँध (ज्भ्नज म्थक) निर्माण गरेर जम्मा भएको पानी भारतको आवश्यकताअनुसार पानी खटाई, खटाई आपूर्ति गर्ने उद्देश्य हुन सक्छ । सुख्खा मौसमले उपल्लो तटीयमा पानीको अलिकति पनि उपयोग गर्न सकिन्न । किनकि वाँध र जलमार्गमा पानीको सतह घट्ने निहुँमा उपल्लो तटीयका जनताले पानी छुन पनि पाउने छैन । त्यसैले भारतको रेलमार्गभन्दा जलमार्ग प्राथमिकताको क्रममा छ । यो अत्यन्तै कुटील चालका साथ आएको छ । किनकि स्मरण रहोस् भारतले अत्यन्तै चाहेको परियोजना भनेको कोशी उच्च बाँध हो । २०७४ भदौमा प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणको अवसरमा सम्प्रेषित नेपाल-भारत संयुक्त प्रेस विज्ञप्तिको बुँदा नं. २८ मा जलाशययुक्त कोशी उच्च वाँधको विस्तृत परियोजना प्रतिवेदन तदारुकताका साथ तयार गर्न सहमति भएको थियो । ओलीको यस भ्रमणमा अंश-अंशमा सहमति नभए पनि मोटो समग्र नयाँ र पुरानो परियोजनाको कार्यान्वयन गर्ने भन्ने सहमतिले सबै कुरा सतह परेको छ । यस परियोजनाअन्तर्गत भारतले बढी नियन्त्रण गरी लाखौं हेक्टर उर्बरा भूमि भारतले उकास गर्ने, सुख्खायाममा पानी आपूर्ति गर्ने, भारतको मुख्य उद्देश्य हो । भारतको यी स्वार्थ पूरा गर्नका लागि नेपालको तर्फबाट अरुण, तमोर, सुनकोशी किनाराका करिब ७५ हजार जना विस्थापित हुन्छन् । साविक एक सय ५५ गाविसका २ सय ३६ वडाहरूमा जलासयले प्रत्यक्ष प्रभावित हुन्छन् भने अहिलेसम्म यी क्षेत्रमा गरिएको सबै पूर्वाधारहरूको पूर्ण अन्त्य हुन्छ । भने सप्तकोशी लगायत यसका शाखा नदीहरूबाट २२ हजार मेघावाट विद्युत उत्पादन हुने सम्भावना जम्मा ३३ सय मेघावाटमा सीमित हुन्छ । यसरी यी परियोजनमा नेपाली र नेपालकौ पूरै हित विपरीत छ भने भारतले फाइदैफाइदा गर्ने देखिन्छ । यसै बँदाअन्तर्गत विविध क्षेत्रमा साझा एजेण्डाहरू प्रबर्द्धन गर्न दुई पक्षीय संयन्त्रहरू सक्रिय बनाउन जोड दिइएको छ । यो वाक्यले सबै क्षेत्रमा भारतको साझेदारी रहने छ । अब नेपालको स्रोत बाँकी रहेको भनेको खानी हो यसमा पनि भारतले एकाधिकार कायम गर्ने देखिएको छ । संयुक्त विज्ञप्तिको ७ नं. बुँदामा जलमार्गबारे चर्चा माथि गरिएको छ । रक्सौल-काठमाडौं रेलमार्गबारे सहकार्य गर्ने सहमति भएको छ । यो अघिल्लो पटकको ओली सरकारले केरुङ-काठमाडौं-पोखरा र लुम्बिनीसम्मको रेलमार्गको अध्ययनका लागि चीन सरकारसँग पनि सहमति भइसकेको अवस्थामा रक्सौल-काठमाडौं रेलमार्गले भारतीय एकाधिकार कायम ...*बाँकी ५ पेजमा* रहेको देखाउन भारत सफल भएको छ । भने फ्री तिब्बतको अभियन्ता दलाइ लामाको विशेषदुतबिना हैसियत र सरोकारविहीन मान्छेसँग ओलीको भेटले वाम गठबन्धनको ओली सरकार एक चीन नीतिमा प्रतिबद्धता छ कि छैन भन्ने प्रश्न खडा गरिदिएको छ । यदि यो भारतको चालबाजी हो भने कूटनैतिक रूपमा भारत सफल भएको देखिन्छ । र यसबाट उत्पन्न हुने उत्तरी ध्रुवको सम्बन्ध न्यानो र सुमधुर बनाउनलाई मेहनत लाग्ने देखिन्छ । यसरी ओलीलाई पटकपटक फसाइराख्दा पनि नबुझ्नु भनेको ओली भारतको असली दलाल हुन् भन्ने प्रमाणित हुन्छ र ओलीको यस भ्रमणले ओलीको नक्कली राष्ट्रवादीको मुखुण्डो च्यातचुत भएको छ । यस भ्रमणमा मोदीले विगतमा झै संविधानको कुरा उठाउन त्यसका साथै क्षेत्रीय, शान्ति स्थीरताको बारेमा पनि कहींकतै कुरा उठेन मात्र बकाइनो तरबार र गोबरको घिउ बेच्ने ठग व्यापारीहरूले दलाली मण्डी गरेको लेनदेन र सम्झौताजस्तो मात्र भयो ।

रूपन्देहीमा देजमोको संगठन निर्माण तीव्र

● राजु भुजेल

बुटवल । देशभक्त जनगणतान्त्रीक मोर्चा, नेपालको एक भेलाले रूपन्देहीको कञ्चन गाँउपालिकामा कमिटि गठन गरेको छ । भेलाले डण्डपाणी पौडेलको संयोजकत्वमा १७ सदस्यीय गाँउ समिति गठन गरेको हो । उक्त संगठनको सचिवमा हरि बहादुर थापा र सदस्यहरूमा क्रमशः ज्ञान बहादुर राना, यम बहादुर राना, बुद्धिलाल क्षेत्री, चेतमान थापा, मित्रलाल शर्मा, दल बहादुर थापा, जगदिश पौडेल, जित बहादुर क्षेत्री, उमा ढकाल, भानुभक्त पौडेल, गिता क्षेत्री, मिना राना, फुलमाया वि. क.लगायत रहेका छन् ।

त्यसैगरी, रूपन्देहीकै सैनामैना नगरपालिका पनि देजमोको एक भेला बीच नगर समिति गठन भएको समाचार प्राप्त भएको छ । प्रदेश संयोजक के. बि. गुरुङको प्रमुख उपस्थितिमा भएको भेलाले दल बहादुर छन्त्यालको संयोजकत्वमा १३ सदस्यीय सैनामैना नगरसमिति गठन गरेको छ । जसमा सचिवमा रेणुकान्त पौडेल र सदस्यहरूमा क्रमशः मानप्रसाद भुसाल, विष्णुकान्त गौतम, चन्द्र बहादुर राना, हरि प्रसाद ज्ञावली, दिपक पौडेल, लक्ष्मी अर्याल, गोमा पौडेल, धनु पौडेल, टिका छन्त्याल, गुरु आचार्यलगायत रहेका छन् ।

त्यसैगरी, रूपन्देहीको देवदह नगरपाि लकामा चिञ्जीवी काफ्लेको संयोजकत्वमा ७ सदस्यीय नगरसमिति गठन भएको छ । जसमा सचिव मदन पाण्डे र सदस्यहरूमा क्रमशः दिनेश चापागाई, जीवनकुमारी वि. क., खुम बहादुर गाहा, नैना गुरुङ र गोरी थापा रहेका छन् भने वरिष्ठ सल्लहाकारमा बीर बहादुर गुरुङ, धन कुमारी थापा र प्रतिामा चापागाई रहेका छन् ।

अखिल (क्रान्तिकारी)को २९ औं चितवन जिल्ला सम्मेलन सम्पन्न, अध्यक्षमा कृष्ण सुनार निर्वाचित

चितवन । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी) चितवनको २९औं जिल्ला सम्मेलन भव्य रूपमा सम्पन्न भएको छ । सम्मेलनले कृष्ण सुनारको नेतृत्वमा २५ सदस्यीय जिल्ला समिती निर्बाचित गरेको छ । सम्मेलनले उपाध्यक्षमा पुस्पा बस्ताकोटी, सचिवमा समीर बस्नेत, सहसचिवमा निश्चल चदारा, कोषाध्यक्षमा मनोज चौधरी र सदस्यहरूमा कमल चौधरी, पुजा परियार, जयन्त वाग्ले, शोभा भट्ट, सागर सापकोटा, मिलन सुनार, मौसम थापा, बिजय पौडेल, प्रताप बस्याल, राम सापकोटा, गणेश बिक, हरिॐ साहनी, रबिन श्रेष्ठ, ज्ञान प्रसाद अधिकारी, सुनिल गुप्ता लगायतलाई निर्वाचित गरेको छ ।

जिल्लाको चौबीसकोठीबाट सुरु भएको विद्यार्थीको च्याली हस्पीटल ढोर, जिल्ला सहकारी हुँदै नारायणी मावि, नारायणी पोलीटेक्नीक, सप्तगण्डकी कलेज, पुरानो मेडीकल कलेजको अगाडिबाट स्कूल अफ हेल्थ साइन्सको सभाहलमा गएर उद्घाटनसत्रमा परिणत भएको उक्त सम्मेलनको प्रमुख आतिथ्यता क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य परि थापाले गर्नु भएको थियो । अमित सापकोटाले अध्यक्षता गरेको उक्त सम्मेलनमा क्रान्तिकारी माओवादीकी केन्द्रीय सदस्य तथा चितवन जिल्ला इन्चार्ज अम्बिका मुडभरी, अखिल (क्रान्तिकारी)का पूर्व केन्द्रीय अध्यक्ष सुरेश गौतम, देजमोका जिल्ला अध्यक्ष अशोक शर्मा, जिल्ला कार्यलय सदस्यहरू विकास, विपीन, अखिल (क्रान्तिकारी)का केन्द्रीय सचिवालय सदस्य अमित चापाई, युवा अध्यक्ष विवेक थापा, महिलाको सुभलक्ष्मी खनाल लगायतको उपस्थिति रहेको थियो ।

कञ्चनपुरको बेलौरीभुडामा भारतले नेपाली भूमि मिचेको भन्दै क्रान्तिकारी माओवादीले गऱ्यो जोडदार विरोध

कञ्चनपुर । नेकपा (क्रान्तिकारी माओवादी) कञ्चनपुरले बुधबार एक वक्तव्य जारी गर्दै जिल्लाको बेलौरीभुडामा भारतीय पक्षले सीमा मिचेको भन्दै सीमा अतिक्रमणको जोडदार विरोध गरेको छ । जिल्ला सेक्रेटरी विक्रान्तले जारी गरेको वक्तव्यमा कञ्चनपुर जिल्ला बेलौरी नगरपालिका वडा नं. १० को भुडामा डेढ दर्जन परिवारको जमिन संयुक्त सर्भे टोलीले एकाएक भारतीय भूमिमा परेको देखाइएको उल्लेख गरिएको छ ।

वक्तव्यमा भनिएको छ, 'सो जमिन २०२८ सालदेखि लालपुर्जा समेत दिएर बसेका साविक ३४ नम्बर पिल्लरको सट्टा (सीमा स्तम्भ) ७, ८ र २ मा सुचना टाँस गरि जमिन खाली गर्न भनिएको छ ।' भुडाका चन्द्रदेव पन्त, विक्रम थापा, धनिदत्त पन्त, भवानी भट्ट, मानसिंह थापा लगायतको जमिन भारततिर देखाएको वक्तव्यमा भनिएको छ, 'ऐतिहासिक प्रमाण र २०२८ सालदेखि लालपूर्जा लिएर बसेका स्थानीयको जमिनलाई एकाएक भारतीय पक्षबाट सो क्षेत्रमा बसोवास गरी बसेका स्थानीयलाई तथ्य सत्य प्रमाण नजुटाई सोझै भारतीय पक्षबाट सूचना टाँस गर्ने कार्यको तत्काल विरोध गर्दै सो कार्य रोक्न हुन प्रशासन समक्ष जोडदार माग गरिन्छ ।'

अब लम्बे...

गरियो । त्यसैगरी सोही अभियान टोलीले २७ गते डडेलधुराको भिमदत्त चोक र बागबजार चोकमा कोणसभा सम्पन्न गऱ्यो भने २७ बैतडीको पाटन नगरपालिकामा कोण सभा सम्पन्न गऱ्यो । चैत्र २८ गते दार्चुलाको गोकुलेश्वर बजारमा कोण सभा सम्पन्न गरेको टोलीले २९ गते दार्चुलाकै ब्यास गाउँपालिका-२ मा कोणसभा गरी अभियान समापन गऱ्यो ।

अखिल (क्रान्तिकारी)ले नेतृत्व गरेको अभियानमा क्रान्तिकारी माओवादी, देजमोलगायत पार्टीका जबस मोर्चाका नेता कार्यकर्ताहरू समेत सहभागी भएका थिए । प्राय कोणसभालाई क्रान्तिकारी माओवादीका पिविएक तथा ७ नं. पार्टी सचिव अटलले सम्बोधन गर्नुभएको थियो ।

अभियानको समापन कार्यक्रमलाई सम्बोधन गर्दै नेता अटलले भन्नुभयो, "यो अभियानको सुरुवात मात्र हो, सिङ्गो राष्ट्र परिवर्तनका लागि हामी दीर्घकालीन रूपमा लम्बे अभियान सुरु गर्दैछौं र यो छोटो अभियानमा आफ्नो समय दिनुभएकोमा सबै कमरेडहरूलाई हार्दिक बधाई तथा अब लामो अभियानमा लामबद्ध हुन हार्दिक अपील गर्दछु ।"

Gulf®
गल्फ लुब्रिकेन्ट सधैं प्रयोग गरौं ।

नेवाः राष्ट्रिय मुक्ति मोर्चाको ललितपुर जिल्ला कमिटी गठन

ललितपुर । मंगलबार सम्पन्न एक भेलाले नेकपा (क्रान्तिकारी माओवादी) निकट नेवाः राष्ट्रिय मुक्ति मोर्चाको ललितपुर जिल्ला कमिटि गठन गरेको छ।

भेलाले जगदिश्वर महर्जनको संयोजकत्वमा नौ सदस्यीय जिल्ला कमिटि गठन गरेको हो । उक्त कमिटिका सदस्यहरूमा नगेन्द्र महर्जन, निरण तुलाधर, गंगा महर्जन, मुकेश श्रेष्ठ, प्रेम ब. डंगोल, अष्ठराज शाक्य, पवन डंगोल र राजकुमार द्यौला रहनु भएको छ ।

ललितपुरको कुपण्डोलमा सम्पन्न उक्त भेलामा पार्टीका पोलिब्यूरो सदस्य तथा नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपालका केन्द्रीय अध्यक्ष पवनमान श्रेष्ठको प्रमुख आतिथ्यता भएको थियो भने जिल्ला पार्टी इन्चार्ज जीवन, जिल्ला सेक्रेटरी श्याम केसी, नेवाः राष्ट्रिय मुक्ति मोर्चा प्रदेश नं. ३ संयोजक गोर्की श्रेष्ठ, ३ नं. प्रदेश संयोजक अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियनका अर्जुन लाल श्रेष्ठ र देशभक्त जनगणतान्त्रिक नेपालका केन्द्रीय सदस्य इन्दिरा अधिकारी लगायतको उपस्थिति रहेको थियो ।

प्रकाशक : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : सचिरनन्द महर्जन, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।